नेपाली कांग्रेसको भातृ संस्था

# राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघको विधान, २०६३

(पहिलो संशोधन, २०८० सहित)

**प्रस्तावना**: लोकतान्त्रिक शासन व्यवस्था, मूल्य मान्यता एवं पद्दतिको स्थापनाका लागि पटक-पटक भएको पार्टीको नेतृत्वदायी आन्दोलनबाट मूल बैचारिक मार्गदर्शनलाई आत्मसात गर्दै,

२००७ सालको क्रान्तिद्वारा स्थापित लोकतान्त्रिक अधिकारको प्रयोगबाट वर्षौंदेखिको विभेद र कुसंस्कारको विरुद्ध आर्थिक, सामाजिक, परिवर्तनमार्फत समतामूलक राज्य व्यवस्थातर्फ लैजाने जननायक बी.पी. कोईरालाको दृष्टिकोणलाई मूल आदर्शको रूपमा ग्रहण गर्दै,

राष्ट्रियता, लोकतन्त्र र समाजवादप्रति समर्पित, आस्थावान, आवद्ध र प्रतिवद्ध अपाङ्गता भएका व्यक्तिको नागरिक, सामाजिक, आर्थिक अधिकारको प्रचलन तथा राजनीतिक सशक्तीकरण गरी राष्ट्रिय विकासको मूलधारमा समाहित गर्दै,

अपाङ्गताको आधारमा गरिने सबै प्रकारका भेदभावहरूको अन्त्य गरी, राज्यका हरेक नीति निर्माण तहमा अपाङ्गता भएका व्यक्तिको सहभागिता र समावेशी समानुपातिक प्रतिनिधित्वका लागि नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि लगायत मानवअधिकार सम्बन्धी अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्य कानूनी प्रतिवद्धताहरू र पार्टीको विधान अनुसार अपाङ्गता भएका व्यक्तिहरूलाइ पार्टी भित्र संगठित, एकताबद्ध गर्दै उनीहरूको हक, अधिकार प्रवर्द्धन गर्ने उद्देश्यले नेपाली कांग्रेस पार्टीको भातृ संस्थाको रूपमा "**राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघको विधान, २०६३**" (पहिलो संशोधन, २०८० सहित) जारी गरिएको छ ।

## भाग १

## प्रारम्भिक

१. **नाम र परिभाषाः**

(१) **नाम**: यस संघको नाम "राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ, २०६३" रहनेछ र यस संघलाई अंग्रेजीमा "National Democratic Disabled Association, 2009" र छोटकरीमा NDDA भनिनेछ।

(२) **केन्द्रीय कार्यालयः** संघको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । आवश्यकता अनुसार संघले प्रदेश, जिल्ला, प्रतिनिधि सभा निर्वाचन क्षेत्र, प्रदेश सभा निर्वाचन क्षेत्रहरू, गाउँ र नगरस्तरीय कार्यालयहरू खोल्न सक्नेछ।

(३) **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस विधानमा,

(क) "**अपाङ्गता भएका व्यक्ति**" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा

सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ। अपाङ्गताको मापदण्ड, वर्गिकरण र परिभाषा प्रचलित कानून बमोजिम नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(ख) "**कार्यसमिति**" भन्नाले संघको केन्द्रीय समिति सम्झनु पर्छ र सो शब्दले प्रदेश, जिल्ला, प्रतिनिधि सभा निर्वाचन क्षेत्र, प्रदेश सभा निर्वाचन क्षेत्र र नगर वा गाउँ कार्यसमिति समेतलाई जनाउछ।

(ग) "**कार्यसमिति सदस्य**" भन्नाले यस विधान बमोजिम गठित सबै तहका कार्यसमितिका सदस्यलाई जनाउछ।

(घ) "**केन्द्र**" भन्नाले संघको केन्द्रीय समिति सम्झनु पर्छ र सो शब्दले संघको केन्द्रीय कार्यालयलाई समेत जनाउछ।

(ङ) "**गाउँ वा नगर समिति**" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका कार्यसमितिलाई जनाउछ।

(च) "**पदाधिकारी**" भन्नाले सबै तहका अध्यक्ष, उपाध्यक्ष, महामन्त्री, सहमहामन्त्री, सचिव, कोषाध्यक्ष र सहसचिवलाई जनाउछ।

(छ) "**पार्टी**" भन्नाले नेपाली कांग्रेस पार्टी सम्झनु पर्छ।

(ज) "**निकाय**" भन्नाले विधान अनुसार व्यवस्थित संघको कुनै पनि तह वा विभागलाई जनाउनेछ।

(झ) "**नियमावली**" भन्नाले यस विधान बमोजिम केन्द्रीय कार्यसमितिले बनाएको नियमावलीलाई जनाउनेछ।

(ञ) "**तोकिए बमोजिम**" भन्नाले नियमद्वारा व्यवस्था गरिएकोलाई जनाउनेछ।

(ट) "**विधान**" भन्नाले राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघको विधानलाई जनाउनेछ।

(ठ) "**सदस्य**" भन्नाले राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघको साधारण एवं क्रियाशील सदस्यलाई जनाउनेछ।

(ड) "**संघ**" भन्नाले राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघलाई जनाउनेछ।

२. **झण्डा र छापः**

(१) **झण्डाः** राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघको झण्डा तीन आयातकार भागमा माथि र तल रातो, मध्य भागमा सेतो रहेको, सेता भागको केन्द्रमा अपाङ्गता जनाउने चार चिन्ह भएको अनुसूची १ बमोजिम हुनेछ।

(२) **छापः** यस संघको छाप गोलाकारमा माथिबाट तल फर्काएर "राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ, २०६३" र तलबाट माथि फर्काएर कार्यसमितिको नाम केन्द्रीय कार्यसमिति, प्रदेश कार्यसमिति, जिल्ला कार्यसमिति, प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमिति, प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमिति, महानगर/उपमहानगर/नगर कार्यसमिति, गाउँ कार्यसमिति वा वडा कार्यसमिति लेखिनेछ र स्थापनाको मिति र स्थानको नाम छापको केन्द्रमा रहनेछ। छाप अनुसूची २ मा बमोजिम आकासे निलो रंगको हुनेछ।

## भाग २

## उद्देश्य

३. **उद्देश्यहरू:** संघका उद्देश्यहरू देहाय बमोजिम हुनेछन्ः

(क) राष्ट्रियता, लोकतन्त्र, समाजवादप्रति प्रतिवद्ध हुँदै अपाङ्गता भएका व्यक्तिलाई बहुलवादमा आधारित बहुदलीय संसदीय शासन पद्दति एवं लोकतान्त्रिक समाजवादी विचारले प्रशिक्षित गरी अपाङ्गता भएका व्यक्तिको हक अधिकारको संरक्षण, सम्बर्द्धन गर्दै उनीहरूको आर्थिक, सामाजिक, साँस्कृतिक एवं राजनीतिक सशक्तीकरण र सहभागिताका लागि संगठित गर्ने,

(ख) नेपालको संविधानले प्रत्याभूत गरेको सामाजिक रूपान्तरण सम्बन्धी संवैधानिक प्रावधान र पार्टीको नेतृत्वमा भएका सबै खाले श्रृखलावद्ध संघर्ष र जनआन्दोलन २०६२/०६३ को भावना अनुरुप सामाजिक न्याय, समावेशीता, समानता र मर्यादामा आधारित समतामूलक, समृद्ध एवं समुन्नत समाज निर्माण गर्ने,

(ग) संघमा आबद्ध भएका अपाङ्गता भएका व्यक्तिका लागि पार्टीको उद्देश्य, नीति, सिद्धान्त, आदर्श, अपाङ्गता भएका व्यक्तिको राजनीतिक अधिकार लगायतका विषयहरूमा क्षमता विकास तथा सशक्तीकरण गर्ने,

(घ) अपाङ्गता भएका व्यक्तिले भोगेका सबै खाले अवरोधहरू एवं विभेदहरूको अन्त्य गरी समावेशी समाज निर्माण गर्न संघको संगठन विस्तार गरी हरेक स्थानीय तहसम्म संघको संरचना विस्तार गर्ने,

(ङ) अपाङ्गता सम्बन्धी बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियम, कानून र दस्तावेजहरूका बारेमा पार्टीका विभिन्न तह र तप्कामा सचेतना र अभिमुखीकरणमा अभिवृद्धि गर्ने,

(च) मानव अधिकार, विश्व शान्ति, भातृत्व तथा अन्तर्राष्ट्रिय अपाङ्गता ऐक्यबद्धता र मैत्री सम्बन्धका लागि समर्पित रहने,

(छ) अपाङ्गता भएका व्यक्तिको आर्थिक, सामाजिक जीवनस्तर उकास्न र स्वतन्त्र, समुन्नत, भयमुक्त एवं समतामूलक समावेशी समाज समाजमा मर्यादित तथा स्वाभिमानी जिवनयापनका लागि विभिन्न चरणबद्ध कार्यक्रम लागू गराउन नेपाल सरकारलाई नीतिगत सुझाव दिने साथै प्रभावकारी कार्यान्वयका लागि शान्तिपूर्ण दवाव र संघर्षका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ज) सबै अपाङ्गता भएका व्यक्तिको सामाजिक न्याय सहित गुणस्तरीय एवं समावेशी शिक्षा, सर्वसुलभ स्वास्थ्य र रोजगार तथा स्वरोजगार जस्ता संबैधानिक तथा कानूनी अधिकारहरूको प्राप्ति गर्न गराउनका लागि सम्बन्धित निकायहरूमा पहल गर्ने,

(झ) समाजमा रहेका पूर्ण तथा अतिअशक्त अपाङ्गता भएका व्यक्तिका लागि अत्यावश्यक सहायक सामग्री, व्यक्तिगत सहयोगी र पर्याप्त सामाजिक सुरक्षा तथा न्यूनतम जीवनयापन

गर्न सक्ने गरी सामाजिक सुरक्षा प्राप्ति र परिवार सहयोगका कार्यक्रमहरू लागू गर्नका लागि तिनै तहका सरकार र सम्बन्धित निकायहरूमा पहल गर्ने,

(ञ) पार्टी तथा पार्टीका अन्य भातृ तथा शुभेच्छुक संस्थाहरूलाई अपाङ्गता समावेशी बनाउने र राज्यका सबै अङ्ग, निकाय एवं तहमा सबै नागरिक एवं समुदाय सरह अपाङ्गता भएका व्यक्तिको समानुपातिक सहभागिता र पहुँच कायम गर्ने, गराउने,

(ट) यस संघको उद्देश्य प्राप्तिका लागि यस संघको उद्देश्यसँग मेल खाने गरी स्थापित, सञ्चालित अपाङ्गता भएका व्यक्तिको अधिकार तथा सेवा र सुविधाका लागि कार्यरत संघ संस्था एवं संगठनहरूसँग सहकार्य गर्ने,

(ठ) कला साहित्य, संगीत र खेलकुदमा रुचि राख्ने अपाङ्गता भएका व्यक्तिका लागि विभिन्न कला साहित्य, खेलकूद, मनोरञ्जन, संगीत विकासका लागि प्रशिक्षण, प्रतियोगिता लगाएतका विविध कार्यक्रमहरू आयोजना एवं सञ्चालन गर्ने,

(ड) अपाङ्गता भित्रको पनि पछाडि पारिएको वर्ग जस्तै बौद्धिक अपाङ्गता, अटिज्म, श्रवणदृष्टिविहिन, दलित, जनजाति, मधेसी, अल्पसंख्यक, पिछडिएको क्षेत्र, यौनिक तथा लैंगिक अल्पसंख्यक लगायतका अपाङ्गता भएका व्यक्तिलाई मूलप्रवाहीकरण गर्नका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने, र

(ढ) पार्टीको विधान बमोजिम तोकिएका अन्य कार्यहरू गर्ने।

## भाग ३

## सदस्यता

**४. <u>सदस्यता र सदस्यता प्राप्त गर्ने विधिः</u>**

(१) यस संघको विधानको पालना गर्ने १८ बर्ष उमेर पुगेको र अपाङ्गताको परिचयपत्र प्राप्त गरेको कुनै पनि नेपाली नागरिक यस संघको सदस्य बन्न सक्नेछ।

(२) साधारण र क्रियाशील गरी संघको सदस्यता दुई प्रकारको हुनेछ।

**(क) साधारण सदस्यः** संघको विधानलाई स्वीकार गर्ने जुनसुकै अपाङ्गता भएका व्यक्ति यस संघको साधारण सदस्य हुन सक्नेछ।

**(ख) क्रियाशील सदस्यः** यस संघको सदस्यता प्राप्त गरेको र पार्टीको क्रियाशील सदस्यता प्राप्त गरेको व्यक्ति यस संघको क्रियाशील सदस्य हुनेछ। तर पार्टीको क्रियाशील सदस्यता प्राप्त गरेको व्यक्तिले सदस्यता लिदैका वखत वा नविकरणको समयमा अभिलेख अद्यावधिक गराउनु पर्नेछ।

(३) हरेक जिल्ला कार्यसमितिले केन्द्रीय महाधिवेशनको छ महिना अगावै र जिल्ला अधिवेशनको तीन महिना अगावै सदस्यको विवरण, संख्या र सदस्यता शुल्क केन्द्रीय कार्यसमितिमा पठाउनु पर्नेछ। सोही बमोजिम सबै सदस्यताको अभिलेख केन्द्रमा राखिनेछ।

(४) संघको सदस्य शुल्क वार्षिक एक सय बीस रुपैयाँका दरले एक महाधिवेशन अवधि चार वर्षको एकमुष्ठ पाँचसय रुपैयाँ बुझाउन सकिनेछ।

(५) संघको सदस्यता बापतको रकम सम्बन्धित स्थानीय तह, प्रदेशसभा नर्वाचन क्षेत्र, प्रतिनिधिसभा नर्वाचन क्षेत्र र जिल्लामा २० प्रतिशत तथा प्रदेश र केन्द्रमा १० प्रतिशतका दरले बाँडफाँड हुनेछ।

(६) सदस्यता प्राप्ति र नविकरण सम्बन्धी व्यवस्थालाई सूचना प्रविधिको प्रयोग गरी व्यवस्थित गर्न सकिनेछ।

५. **<u>संघको सदस्यता नरहनेः</u>** देहायको अवस्थामा कुनै व्यक्ति संघको सदस्य रहने छैनः-

(क) मृत्यु भएमा,

(ख) राजिनामा दिएमा वा संघ परित्याग गरेमा,

(ग) सदस्यता नविकरण नगरेमा,

(घ) अपाङ्गताको परिचय पत्र खारेज वा अमान्य भएमा,

(ङ) कुनै पनि निर्वाचनमा पार्टीले प्रस्तुत गरेको आधिकारिक उम्मेदवारको विरूद्ध उम्मेदवार भएमा वा त्यस्ता विद्रोही उम्मेदवारको प्रस्तावक वा समर्थक भएमा,

(च) संघको अनुशासनको कारवाहीबाट निष्कासित भएमा,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई त्यस्तो फैसला अन्तिम भएमा,

(ज) पार्टीको निलम्बनमा परेको सदस्य निलम्बनको अवधिभर, र

(झ) पार्टीको विधान र नियमावली बमोजिम कारवाही भएमा।

## भाग ४

## अधिवेशन तथा महाधिवेशन

६. **<u>गाउँपालिका अधिवेशन, कार्यसमिति र सम्मेलनः</u>**

**(१) गाउँपालिका अधिवेशनः** प्रत्येक चार वर्षमा संघको गाउँपालिका अधिवेशन हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिका कार्यसमितिको अध्यक्ष अधिवेशनको सभापति हुनेछ।

(ख) गाउँपालिका कार्यसमितिका पदाधिकारी र सदस्यहरू गाउँपालिका अधिवेशनका पदेन सदस्य रहनेछन्।

(ग) गाउँपालिका भित्रका संघका सम्पूर्ण सदस्यहरू गाउँपालिका अधिवेशनमा सदस्य हुनेछन्।

(घ) गाउँपालिका अधिवेशन जिल्ला कार्यसमितिको प्रतिनिधिको पर्यवेक्षणमा हुनेछ।

**(२) गाउँपालिका अधिवेशनको काम, कर्तव्य र अधिकारः** गाउँपालिका अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिका अधिवेशनले गाउँपालिका कार्यसमितिको गठन गर्नेछ।

(ख) गाउँपालिका अधिवेशनले कार्यसमितिले सम्पादन गरेका कार्यहरूको समीक्षा एवं भावी नीति र कार्यक्रमको तर्जुमा गर्नेछ।

(ग) सचिव र कोषाध्यक्षद्वारा प्रस्तुत सांगठनिक प्रतिवेदन, कार्यप्रगति प्रतिवेदन, भावी कार्ययोजना र आर्थिक प्रतिवेदन पारित गर्नेछ।

(घ) गाउँपालिका अधिवेशनले प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशन, प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन र जिल्ला अधिवेशनका लागि देहायका प्रतिनिधिको चयन गर्नेछः-

(१) प्रत्येक वडाबाट आफुमध्येबाट निर्वाचित एक जना १ जना क्षेत्रीय प्रतिनिधि खुला, र

(२) अपाङ्गताको फरक वर्ग पर्ने गरी समावेशी सिद्धान्तका आधारमा गाउँपालिकाबाट दुई जना महिला सहित ६ जना।

**(३) गाउँपालिका कार्यसमितिको गठनः**

(क) संघको गाउँपालिका कार्यसमितिको गठन देहाय बमोजिम हुनेछः-

(१) गाउँपालिका अधिवेशनले आफूमध्येबाट निर्वाचित गरेको अध्यक्ष,

(२) प्रत्येक वडाका प्रतिनिधिले आफूमध्येबाट निर्वाचित गरेका एक/एक जना सदस्य,

(३) उपखण्ड (१) र (२) बमोजिमको गाउँपालिका कार्यसमितिले एक तिहाइ सदस्य महिला हुनु पर्ने समावेशी सिद्धान्त र अपाङ्गताको वर्गको प्रतिनिधित्वलाई समेत ध्यानमा राखी मनोनीत गरेका बढीमा ५ जना सदस्य,

(ख) गाउँपालिका कार्यसमितिले खण्ड (क) को उपखण्ड (२) र (३) मध्येबाट पदाधिकारीमा कम्तिमा एक जना महिला पर्ने गरी उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिव चयन गर्नु पर्नेछ र पदाधिकारी चयन सहमतिमा हुन नसकेमा गोप्य मतदानको विधिबाट गर्न सकिनेछ।

तर पदाधिकारीको निर्वाचन हुने भएमा उपखण्ड (३) बमोजिमका सदस्य उम्मेदवार हुन सक्नेछन् तर यस खण्डको प्रयोजनका लागि मतदानमा सहभागी हुन सक्ने छैनन्।

(ग) गाउँपालिका कार्यसमितिको बैठक दुई महिनामा कम्तिमा एक पटक बस्नेछ।

(घ) गाउँपालिका कार्यसमितिका सदस्यको संयोजकत्वमा आवश्यकता अनुसार वडामा सम्भव भएसम्म सबै टोल समेट्ने गरी वडा कार्यसमिति गठन गर्न सकिनेछ र आवश्यकता अनुसार वडा समितिको बैठक बस्नेछ।

(४) **गाउँपालिका कार्यसमितिको काम, कर्तव्य र अधिकारः** गाउँपालिका कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वडा वा गाउँपालिका कार्यसमितिबाट वितरण तथा नविकरण भएका सदस्यहरूको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने,

(ख) गाउँपालिका क्षेत्रभित्र अपाङ्गता भएका व्यक्तिले भोग्नु परेका अवरोध र विभेदलाई न्युनीकरण गर्न अभियान सञ्चालन गर्ने,

(ग) गाउँपालिकाभित्र रहेका समुदाय, वर्ग, जात जाति एवं विभिन्न पेशा, व्यवसायीहरूका विचमा समाजमा विद्यमान रहेको अपाङ्गता भएका व्यक्तिले भोग्नुपरेका विभेद, कुरिती र कुसंस्कारको अन्त्यका लागि समय समयमा अन्तरक्रिया, गोष्ठी, छलफल आदि सञ्चालन गर्ने,

(घ) अपाङ्गता अधिकार संरक्षण र प्रवर्द्धनका लागि स्थानीय सरकार, संघ, संस्था र सरोकारवालाहरूसँग आवश्यक समन्वय र सहयोग आदानप्रदान गर्ने, गराउने,

(ङ) पार्टीको तर्फबाट उम्मेदवार भएका व्यक्तिका पक्षमा व्यापक प्रचार प्रसार गरी विजयी गराउन भूमिका खेल्ने,

(च) गाउँपालिकाभित्र संघको प्रभाव र अन्य संगठनको प्रभावका समीक्षा गरी संघका पक्षमा अन्य समुदायलाई आकर्षित गर्न आवश्यक कार्य गर्ने,

(छ) गाउँपालिका अधिवेशनबाट भएका निर्णयहरू कार्यन्वयन गर्ने, गराउने तथा माथिल्लो निकायबाट जारी भएका परिपत्र एवं निर्देशनहरूको कार्यान्वयन गर्ने, गराउने, र

(ज) संघ र पार्टीका हितमा अन्य आवश्यक काम गर्ने।

(५) **गाउँपालिका कार्यसमितिको अध्यक्षको काम, कर्तव्य र अधिकारः** गाउँपालिका कार्यसमितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिका अधिवेशन, गाउँपालिका कार्यसमिति र कार्यसम्पादन समितिको अध्यक्षता गर्ने,

(ख) गाउँपालिकामा संघको नेतृत्व गर्ने,

(ग) संघको माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन, गाउँपालिका अधिवेशन र कार्यसमितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) गाउँपालिका कार्यसमितिका पदाधिकारी तथा सदस्यको कार्यविभाजन गर्ने र आवश्यकता अनुसार कार्यविभाजन हेरफेर गर्ने,

(ङ) गाउँपालिका कार्यसमितिको बैठक बोलाउने।

(च) आफ्नो अनुपस्थितिमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएको अवस्थामा सचिवलाई कार्यवाहक तोक्न सक्ने, र

(छ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने।

(६) **गाउँपालिका सम्मेलनः** संघको वर्षमा एक पटक गाउँपालिका सम्मेलन हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिका कार्यसमितिका अध्यक्ष सम्मेलनको सभापति तथा पदाधिकारी र सदस्यहरूहरू गाउँपालिका सम्मेलनका सदस्य हुनेछन्।

(ख) गाउँपालिका अधिवेशनका प्रतिनिधिहरू गाउँपालिका सम्मेलनका सदस्य हुनेछन्।

(ग) गाउँपालिका सम्मेलनले वर्षभरिका संघका गतिविधिहरूको समीक्षा गर्दै गाउँपालिका कार्यसमितिद्वारा प्रस्तुत आगामी वर्षको कार्ययोजनालाई स्वीकृत गर्नेछ।

(घ) अधिवेशन हुने वर्ष गाउँपालिका अधिवेशनले नै गाउँपालिका सम्मेलनको कार्य गर्नेछ।

**७. नगरपालिका अधिवेशन, कार्यसमिति र सम्मेलनः**

(१) **नगरपालिका अधिवेशनः** प्रत्येक चार वर्षमा संघको नगरपालिका अधिवेशन हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) नगरपालिका कार्यसमितिको अध्यक्ष अधिवेशनको सभापति हुनेछ।

(ख) नगरपालिका कार्यसमितिका पदाधिकारी र सदस्यहरू नगरपालिका अधिवेशनका पदेन सदस्य रहनेछन्।

(ग) नगरपालिका भित्रका संघका सम्पूर्ण सदस्यहरू नगरपालिका अधिवेशनमा सदस्य हुनेछन्।

(घ) नगरपालिका अधिवेशन जिल्ला कार्यसमितिको प्रतिनिधिको पर्यवेक्षणमा हुनेछ।

(२) **नगरपालिका अधिवेशनको काम, कर्तव्य र अधिकारः** नगरपालिका अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) नगरपालिका अधिवेशनले नगरपालिका कार्यसमितिको गठन गर्नेछ।

(ख) नगरपालिका अधिवेशनले कार्यसमितिले सम्पादन गरेका कार्यहरूको समीक्षा एवं भावी नीति र कार्यक्रमको तर्जुमा गर्नेछ।

(ग) सचिव र कोषाध्यक्षद्वारा प्रस्तुत सांगठनिक प्रतिवेदन, कार्यप्रगति प्रतिवेदन, भावी कार्ययोजना र आर्थिक प्रतिवेदन पारित गर्नेछ।

(घ) नगरपालिका अधिवेशनले प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशन, प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन र जिल्ला अधिवेशनका लागि देहायका प्रतिनिधिको चयन गर्नेछः-

(१) प्रत्येक वडाबाट आफुमध्येबाट निर्वाचित एक जना १ जना क्षेत्रीय प्रतिनिधि खुला, र

(२) अपाङ्गताको फरक वर्ग पर्ने गरी समावेशी सिद्धान्तका आधारमा नगरपालिकाबाट दुई जना महिला सहित ६ जना।

**(३) नगरपालिका कार्यसमितिको गठनः**

(क) संघको नगरपालिका कार्यसमितिको गठन देहाय बमोजिम हुनेछः-

(१) नगरपालिका अधिवेशनले आफूमध्येबाट निर्वाचित गरेको अध्यक्ष,

(२) प्रत्येक वडाका प्रतिनिधिले आफूमध्येबाट निर्वाचित गरेका एक/एक जना सदस्य,

(३) उपखण्ड (१) र (२) बमोजिमको नगरपालिका कार्यसमितिले एक तिहाइ सदस्य महिला हुनु पर्ने समावेशी सिद्धान्त र अपाङ्गताको वर्गको प्रतिनिधित्वलाई समेत ध्यानमा राखी सम्पूर्ण वडा संख्याको एक तिहाइमा नबढ्ने गरी मनोनीत गरेका बढीमा ७ जना सदस्य।

(ख) नगरपालिका कार्यसमितिले खण्ड (क) को उपखण्ड (२) र (३) मध्येबाट पदाधिकारीमा कम्तिमा एक जना महिला पर्ने गरी उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिव चयन गर्नु पर्नेछ र पदाधिकारी चयन सहमतिमा हुन नसकेमा गोप्य मतदानको विधिबाट गर्न सकिनेछ।

तर पदाधिकारीको निर्वाचन हुने भएमा उपखण्ड (३) बमोजिमका सदस्य उम्मेदवार हुन सक्नेछन् तर यस खण्डको प्रयोजनका लागि मतदानमा सहभागी हुन सक्ने छैनन्।

(ग) नगरपालिका कार्यसमितिको बैठक दुई महिनामा कम्तिमा एक पटक बस्नेछ।

(घ) नगरपालिका कार्यसमितिका सदस्यको संयोजकत्वमा आवश्यकता अनुसार वडामा सम्भव भएसम्म सबै टोल समेट्ने गरी वडा कार्यसमिति गठन गर्न सकिनेछ र आवश्यकता अनुसार वडा समितिको बैठक बस्नेछ।

**(४) नगरपालिका कार्यसमितिको काम, कर्तव्य र अधिकारः** नगरपालिका कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वडा वा नगरपालिका कार्यसमितिबाट वितरण तथा नविकरण भएका सदस्यहरूको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने,

(ख) नगरपालिका क्षेत्रभित्र अपाङ्गता भएका व्यक्तिले भोग्नु परेका अवरोध र विभेदलाई न्युनीकरण गर्न अभियान सञ्चालन गर्ने,

(ग) नगरपालिकाभित्र रहेका समुदाय, वर्ग, जात जाति एवं विभिन्न पेशा, व्यवसायीहरूका विचमा समाजमा विद्‍यमान रहेको अपाङ्गता भएका व्यक्तिले भोग्नु परेका विभेद, कुरिती र कुसंस्कारको अन्त्यका लागि समय समयमा अन्तरक्रिया, गोष्ठी, छलफल आदि सञ्चालन गर्ने,

(घ) अपाङ्गता अधिकार संरक्षण र प्रवर्द्धनका लागि स्थानीय सरकार, संघ, संस्था र सरोकारवालाहरूसँग आवश्यक समन्वय र सहयोग आदानप्रदान गर्ने, गराउने,

(ङ) पार्टीको तर्फबाट उम्मेदवार भएका व्यक्तिका पक्षमा व्यापक प्रचार प्रसार गरी विजयी गराउन भूमिका खेल्ने,

(च) नगरपालिका भित्र संघको प्रभाव र अन्य संगठनको प्रभावको समीक्षा गरी संघका पक्षमा अन्य समुदायलाई आकर्षित गर्न आवश्यक कार्य गर्ने,

(छ) नगरपालिका अधिवेशनबाट भएका निर्णयहरू कार्यन्वयन गर्ने, गराउने तथा माथिल्लो निकायबाट जारी भएका परिपत्र एवं निर्देशनहरूको कार्यान्वयन गर्ने, गराउने, र

(ज) संघ र पार्टीका हितमा अन्य आवश्यक काम गर्ने।

**(५) नगरपालिका कार्यसमितिको अध्यक्षको काम, कर्तव्य र अधिकारः** नगरपालिका कार्यसमितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नगरपालिका अधिवेशन, नगरपालिका कार्यसमिति र कार्यसम्पादन समितिको अध्यक्षता गर्ने,

(ख) नगरपालिकामा संघको नेतृत्व गर्ने,

(ग) संघको माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन, नगरपालिका अधिवेशन र कार्यसमितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) नगरपालिका कार्यसमितिका पदाधिकारी तथा सदस्यको कार्यविभाजन गर्ने र आवश्यकता अनुसार कार्यविभाजन हेरफेर गर्ने,

(ङ) नगरपालिका कार्यसमितिको बैठक बोलाउने,

(च) आफ्नोअनुपस्थितिमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएको अवस्थामा सचिवलाई कार्यवाहक तोक्न सक्ने, र

(छ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने।

(६) **नगरपालिका सम्मेलनः** संघको वर्षमा एक पटक नगरपालिका सम्मेलन हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) नगरपालिका कार्यसमितिका अध्यक्ष सम्मेलनको सभापति तथा पदाधिकारी र सदस्यहरूहरू नगरपालिका सम्मेलनका सदस्य हुनेछन्।

(ख) नगरपालिका अधिवेशनका प्रतिनिधिहरू नगरपालिका सम्मेलनका सदस्य हुनेछन्।

(ग) नगरपालिका सम्मेलनले वर्षभरिका संघका गतिविधिहरूको समीक्षा गर्दै नगरपालिका कार्यसमितिद्वारा प्रस्तुत आगामी वर्षको कार्ययोजनालाई स्वीकृत गर्नेछ।

(घ) अधिवेशन हुने वर्ष नगरपालिका अधिवेशनले नै नगरपालिका सम्मेलनको कार्य गर्नेछ।

८. **<u>उपमहानगरपालिका अधिवेशन, कार्यसमिति र सम्मेलनः</u>**

(१) **उपमहानगरपालिका अधिवेशनः** प्रत्येक चार वर्षमा संघको उपमहानगरपालिका अधिवेशन हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) उपमहानगरपालिका कार्यसमितिको अध्यक्ष अधिवेशनको सभापति हुनेछ।

(ख) उपमहानगरपालिका कार्यसमितिका पदाधिकारी र सदस्यहरू उपमहानगरपालिका अधिवेशनका पदेन सदस्य रहनेछन्।

(ग) उपमहानगरपालिका भित्रका संघका सम्पूर्ण सदस्यहरू उपमहानगरपालिका अधिवेशनमा सदस्य हुनेछन्।

(घ) उपमहानगरपालिका अधिवेशन जिल्ला कार्यसमितिको प्रतिनिधिको पर्यवेक्षणमा हुनेछ।

(२) **उपमहानगरपालिका अधिवेशनको काम, कर्तव्य र अधिकार**: उपमहानगरपालिका अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उपमहानगरपालिका अधिवेशनले उपमहानगरपालिका कार्यसमितिको गठन गर्नेछ।

(ख) उपमहानगरपालिका अधिवेशनले कार्यसमितिले सम्पादन गरेका कार्यहरूको समीक्षा एवं भावी नीति र कार्यक्रमको तर्जुमा गर्नेछ।

(ग) सचिव र कोषाध्यक्षद्वारा प्रस्तुत सांगठनिक प्रतिवेदन, कार्यप्रगति प्रतिवेदन, भावी कार्ययोजना र आर्थिक प्रतिवेदन पारित गर्नेछ।

(घ) उपमहानगरपालिका अधिवेशनले प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशन, प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन र जिल्ला अधिवेशनका लागि देहायका प्रतिनिधिको चयन गर्नेछः-

(१) प्रत्येक वडाबाट आफुमध्येबाट निर्वाचित एक जना १ जना क्षेत्रीय प्रतिनिधि खुला, र

(२) अपाङ्गताको फरक वर्ग पर्ने गरी समावेशी सिद्धान्तका आधारमा उपमहानगरपालिकाबाट दुई जना महिला सहित ७ जना।

**(३) उपमहानगरपालिका कार्यसमितिको गठनः**

(क) संघको उपमहानगरपालिका कार्यसमितिको गठन देहाय बमोजिम हुनेछः-

(१) उपमहानगरपालिका अधिवेशनले आफूमध्येबाट निर्वाचित गरेको अध्यक्ष,

(२) प्रत्येक वडाका प्रतिनिधिले आफूमध्येबाट निर्वाचित गरेका एक/एक जना सदस्य,

(३) उपखण्ड (१) र (२) बमोजिमको उपमहानगरपालिका कार्यसमितिले एक तिहाइ सदस्य महिला हुनु पर्ने समावेशी सिद्धान्त र अपाङ्गताको वर्गको प्रतिनिधित्वलाई समेत ध्यानमा राखी सम्पूर्ण वडा संख्याको एक तिहाइमा नबढ्ने गरी मनोनीत गरेका बढीमा ९ जना सदस्य।

(ख) उपमहानगरपालिका कार्यसमितिले खण्ड (क) को उपखण्ड (२) र (३) मध्येबाट पदाधिकारीमा कम्तिमा एक जना महिला पर्ने गरी उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिव चयन गर्नु पर्नेछ र पदाधिकारी चयन सहमतिमा हुन नसकेमा गोप्य मतदानको विधिबाट गर्न सकिनेछ।

तर पदाधिकारीको निर्वाचन हुने भएमा उपखण्ड (३) बमोजिमका सदस्य उम्मेदवार हुन सक्नेछन् तर यस खण्डको प्रयोजनका लागि मतदानमा सहभागी हुन सक्ने छैनन्।

(ग) उपमहानगरपालिका कार्यसमितिको बैठक दुई महिनामा कम्तिमा एक पटक बस्नेछ।

(घ) उपमहानगरपालिका कार्यसमितिका सदस्यको संयोजकत्वमा आवश्यकता अनुसार वडामा सम्भव भएसम्म सबै टोल समेट्ने गरी वडा कार्यसमिति गठन गर्न सकिनेछ र आवश्यकता अनुसार वडा समितिको बैठक बस्नेछ।

**(४) उपमहानगरपालिका कार्यसमितिको काम, कर्तव्य र अधिकारः** उपमहानगरपालिका कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वडा वा उपमहानगरपालिका कार्यसमितिबाट वितरण तथा नविकरण भएका सदस्यहरूको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने,

(ख) उपमहानगरपालिका क्षेत्रभित्र अपाङ्गता भएका व्यक्तिले भोग्नु परेका अवरोध र विभेदलाई न्युनीकरण गर्न अभियान सञ्चालन गर्ने,

(ग) उपमहानगरपालिकाभित्र रहेका समुदाय, वर्ग, जात जाति एवं विभिन्न पेशा, व्यवसायीहरूका बीचमा समाजमा विद्यमान रहेको अपाङ्गता भएका व्यक्तिले भोग्नु परेका विभेद, कुरिती र कुसंस्कारको अन्त्यका लागि समय समयमा अन्तरक्रिया, गोष्ठी, छलफल आदि सञ्चालन गर्ने,

(घ) अपाङ्गता अधिकार संरक्षण र प्रवर्द्धनका लागि स्थानीय सरकार, संघ, संस्था र सरोकारवालाहरूसँग आवश्यक समन्वय र सहयोग आदानप्रदान गर्ने, गराउने,

(ङ) पार्टीको तर्फबाट उम्मेदवार भएका व्यक्तिका पक्षमा व्यापक प्रचार प्रसार गरी विजयी गराउन भूमिका खेल्ने,

(च) उपमहानगरपालिका भित्र संघको प्रभाव र अन्य संगठनको प्रभावको समीक्षा गरी संघका पक्षमा अन्य समुदायलाई आकर्षित गर्न आवश्यक कार्य गर्ने,

(छ) उपमहानगरपालिका कार्यसमितिबाट भएका निर्णयहरू कार्यन्वयन गर्ने, गराउने तथा माथिल्लो निकायबाट जारी भएका परिपत्र एवं निर्देशनहरूको कार्यान्वयन गर्ने, गराउने, र

(ज) संघ र पार्टीका हितमा अन्य आवश्यक काम गर्ने।

(५) **उपमहानगरपालिका कार्यसमितिको अध्यक्षको काम, कर्तव्य र अधिकारः** उपमहानगरपालिका कार्यसिमितको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उपमहामनगरपालिका अधिवेशन, उपमहानगरपालिका कार्यसमिति र कार्यसम्पादन समितिको अध्यक्षता गर्ने,

(ख) उपमहानगरपालिकामा संघको नेतृत्व गर्ने,

(ग) संघको माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन, उपमहानगरपालिका अधिवेशन र कार्यसमितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) उपमहानगरपालिका कार्यसमितिका पदाधिकारी तथा सदस्यको कार्यविभाजन गर्ने र आवश्यकता अनुसार कार्यविभाजन हेरफेर गर्ने,

(ङ) उपमहानगरपालिका कार्यसमितिको बैठक बोलाउने,

(च) आफ्नो अनुपस्थितिमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएको अवस्थामा सचिवलाई कार्यवाहक तोक्न सक्ने,

(छ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने।

(६) **उपमहानगरपालिका सम्मेलनः** संघको वर्षमा एक पटक उपमहानगरपालिका सम्मेलन हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) उपमहानगरपालिका कार्यसमितिका अध्यक्ष सम्मेलनको सभापति तथा पदाधिकारी र सदस्यहरूहरू उपमहानगरपालिका सम्मेलनका सदस्य हुनेछन्।

(ख) उपमहानगरपालिका अधिवेशनका प्रतिनिधिहरू उपमहानगरपालिका सम्मेलनका सदस्य हुनेछन्।

(ग) उपमहानगरपालिका सम्मेलनले वर्षभरिका संघका गतिविधिहरूको समीक्षा गर्दै उपमहानगरपालिका कार्यसमितिद्वारा प्रस्तुत आगामी वर्षको कार्ययोजनालाई स्वीकृत गर्नेछ।

(घ) अधिवेशन हुने वर्ष उपमहानगरपालिका अधिवेशनले नै उपमहानगरपालिका सम्मेलनको कार्य गर्नेछ।

९. **महानगरपालिका अधिवेशन, कार्यसमिति र सम्मेलनः**

(१) **महानगरपालिका अधिवेशनः** प्रत्येक चार वर्षमा संघको महानगरपालिका अधिवेशन हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) महानगरपालिका कार्यसमितिको अध्यक्ष अधिवेशनको सभापति हुनेछ।

(ख) महानगरपालिका कार्यसमितिका पदाधिकारी र सदस्यहरू महानगरपालिका अधिवेशनका पदेन सदस्य रहनेछन्।

(ग) महानगरपालिका भित्रका संघका सम्पूर्ण सदस्यहरू महानगरपालिका अधिवेशनमा सदस्य हुनेछन्।

(घ) महानगरपालिका अधिवेशन जिल्ला कार्यसमितिको प्रतिनिधिको पर्यवेक्षणमा हुनेछ।

(२) **महानगरपालिका अधिवेशनको काम, कर्तव्य र अधिकारः** महानगरपालिका अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) महानगरपालिका अधिवेशनले महानगरपालिका कार्यसमितिको गठन गर्नेछ।

(ख) महानगरपालिका अधिवेशनले कार्यसमितिले सम्पादन गरेका कार्यहरूको समीक्षा एवं भावी नीति र कार्यक्रमको तर्जुमा गर्नेछ।

(ग) सचिव र कोषाध्यक्षद्वारा प्रस्तुत सांगठनिक प्रतिवेदन, कार्यप्रगति प्रतिवेदन, भावी कार्ययोजना र आर्थिक प्रतिवेदन पारित गर्नेछ।

(घ) महानगरपालिका अधिवेशनले प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशन, प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन र जिल्ला अधिवेशनका लागि देहायका प्रतिनिधिको चयन गर्नेछः-

(१) प्रत्येक वडाबाट आफुमध्येबाट निर्वाचित एक जना १ जना क्षेत्रीय प्रतिनिधि खुला, र

(२) अपाङ्गताको फरक वर्ग पर्ने गरी समावेशी सिद्धान्तका आधारमा महानगरपालिकाबाट दुई जना महिला सहित ७ जना।

(३) **महानगरपालिका कार्यसमितिको गठनः**

(क) संघको महानगरपालिका कार्यसमितिको गठन देहाय बमोजिम हुनेछः-

(१) महानगरपालिका अधिवेशनले आफूमध्येबाट निर्वाचित गरेको अध्यक्ष,

(२) प्रत्येक वडाका प्रतिनिधिले आफूमध्येबाट निर्वाचित गरेका एक/एक जना सदस्य,

(३) उपखण्ड (१) र (२) बमोजिमको महानगरपालिका कार्यसमितिले एक तिहाइ सदस्य महिला हुनु पर्ने समावेशी सिद्धान्त र अपाङ्गताको वर्गको प्रतिनिधित्वलाई समेत ध्यानमा राखी सम्पूर्ण वडा संख्याको एक तिहाइमा नबढ्ने गरी मनोनीत गरेका बढीमा ११ जना सदस्य।

(ख) महानगरपालिका कार्यसमितिले खण्ड (क) को उपखण्ड (२) र (३) मध्येबाट पदाधिकारीमा कम्तिमा एक जना महिला पर्ने गरी उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिव चयन गर्नु पर्नेछ र पदाधिकारी चयन सहमतिमा हुन नसकेमा गोप्य मतदानको विधिबाट गर्न सकिनेछ।

तर पदाधिकारीको निर्वाचन हुने भएमा उपखण्ड (३) बमोजिमका सदस्य उम्मेदवार हुन सक्नेछन् तर यस खण्डको प्रयोजनका लागि मतदानमा सहभागी हुन सक्ने छैनन्।

(ग) महानगरपालिका कार्यसमितिको बैठक दुई महिनामा कम्तिमा एक पटक बस्नेछ।

(घ) महानगरपालिका कार्यसमितिका सदस्यको संयोजकत्वमा आवश्यकता अनुसार वडामा सम्भव भएसम्म सबै टोल समेट्ने गरी वडा कार्यसमिति गठन गर्न सकिनेछ र आवश्यकता अनुसार वडा समितिको बैठक बस्नेछ।

(४) **महानगरपालिका कार्यसमितिको काम, कर्तव्य र अधिकारः** महानगरपालिका कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वडा वा महानगरपालिका कार्यसमितिबाट वितरण तथा नविकरण भएका सदस्यहरूको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने,

(ख) महानगरपालिका क्षेत्रभित्र अपाङ्गता भएका व्यक्तिले भोग्नु परेका अवरोध र विभेदलाई न्युनीकरण गर्न अभियान सञ्चालन गर्ने,

(ग) महानगरपालिकाभित्र रहेका समुदाय, वर्ग, जात जाति एवं विभिन्न पेशा, व्यवसायीहरूका बीचमा समाजमा विद्यमान रहेको अपाङ्गता भएका व्यक्तिले भोग्नु परेका विभेद, कुरिती र कुसंस्कारको अन्त्यका लागि समय समयमा अन्तरक्रिया, गोष्ठी, छलफल आदी सञ्चालन गर्ने,

(घ) अपाङ्गता अधिकार संरक्षण र प्रवर्द्धनका लागि स्थानीय सरकार, संघ, संस्था र सरोकारवालाहरूसँग आवश्यक समन्वय र सहयोग आदानप्रदान गर्ने, गराउने,

(ङ) पार्टीको तर्फबाट उम्मेदवार भएका व्यक्तिका पक्षमा व्यापक प्रचार प्रसार गरी विजयी गराउन भूमिका खेल्ने,

(च) महानगरपालिका भित्र संघको प्रभाव र अन्य संगठनको प्रभावका बीच समीक्षा गरी संघका पक्षमा अन्य समुदायलाई आकर्षित गर्न आवश्यक कार्य गर्ने,

(छ) महानगरपालिका कार्यसमितिबाट भएका निर्णय कार्यन्वयन गर्ने, गराउने तथा माथिल्लो निकायबाट जारी भएका परिपत्र एवं निर्देशनहरूको कार्यान्वयन गर्ने, गराउने, र

(ज) संघ र पार्टीका हितमा अन्य आवश्यक काम गर्ने।

(५) **महानगरपालिका कार्यसमितिको अध्यक्षको काम, कर्तव्य र अधिकारः** महानगरपालिका कार्यसमितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) महामनगरपालिका अधिवेशन, महानगरपालिका कार्यसमिति र कार्यसम्पादन समितिको अध्यक्षता गर्ने,

(ख) महानगरपालिकामा संघको नेतृत्व गर्ने,

(ग) संघको माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन, महानगरपालिका अधिवेशन र कार्यसमितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) महानगरपालिका कार्यसमितिका पदाधिकारी तथा सदस्यको कार्यविभाजन गर्ने र आवश्यकता अनुसार कार्यविभाजन हेरफेर गर्ने,

(ङ) महानगरपालिका कार्यसमितिको बैठक बोलाउने,

(च) आफ्नो अनुपस्थितिमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएको अवस्थामा सचिवलाई कार्यवाहक तोक्न सक्ने,

(छ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने।

(६) **महानगरपालिका सम्मेलनः** संघको वर्षमा एक पटक महानगरपालिका सम्मेलन हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) महानगरपालिका कार्यसमितिका अध्यक्ष सम्मेलनको सभापति तथा पदाधिकारी र सदस्यहरूहरू महानगरपालिका सम्मेलनका सदस्य हुनेछन्।

(ख) महानगरपालिका अधिवेशनका प्रतिनिधिहरू महानगरपालिका सम्मेलनका सदस्य हुनेछन्।

(ग) महानगरपालिका सम्मेलनले वर्षभरिका संघका गतिविधिहरूको समीक्षा गर्दै महानगरपालिका कार्यसमितिद्वारा प्रस्तुत आगामी वर्षको कार्ययोजनालाई स्वीकृत गर्नेछ।

(घ) अधिवेशन हुने वर्ष महानगरपालिका अधिवेशनले नै महानगरपालिका सम्मेलनको कार्य गर्नेछ।

१०. **प्रदेश सभा क्षेत्रीय अधिवेशन, कार्यसमिति र सम्मेलनः**

(१) **प्रदेशसभा निर्वाचन क्षेत्रीय अधिवेशनः** संघको प्रदेशसभा निर्वाचन क्षेत्रीय अधिवेशन प्रत्येक चार वर्षमा हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछ।

(क) प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको अध्यक्ष प्रदेशसभा निर्वाचन क्षेत्रीय अधिवेशनको सभापति हुनेछ।

(ख) प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिका पदाधिकारी र सदस्यहरू प्रदेशसभा क्षेत्रीय अधिवेशनका पदेन सदस्य रहनेछन्।

(ग) प्रदेशसभा निर्वाचन क्षेत्र भित्र पर्ने सबै गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका कार्यसमितिका अध्यक्षहरू प्रदेशसभा निर्वाचन क्षेत्रीय अधिवेशनका सदस्य हुनेछन्।

(घ) प्रदेशसभा निर्वाचन क्षेत्र भित्र पर्ने सबै स्थानीय तहबाट निर्वाचित क्षेत्रीय प्रतिनिधिहरू प्रदेशसभासभा निर्वाचन क्षेत्रीय अधिवेशनका सदस्य हुनेछन्।

(ङ) प्रदेशसभा निर्वाचन क्षेत्रीय अधिवेशन जिल्ला कार्यसमितिको प्रतिनिधिको पर्यवेक्षणमा हुनेछ।

(२) **प्रदेशसभा निर्वाचन क्षेत्रीय अधिवेशनको काम, कर्तव्य र अधिकारः** प्रदेशसभा निर्वाचन क्षेत्रीय अधवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको गठन गर्नेछ।

(ख) कार्यसमितिले सम्पादन गरेका कार्यहरूको समीक्षा एवं भावी नीति र कार्यक्रमको तर्जुमा गर्नेछ।

(ग) सचिव र कोषाध्यक्षद्वारा प्रस्तुत सांगठनिक प्रतिवेदन, कार्यप्रगति प्रतिवेदन, भावी कार्ययोजना र आर्थिक प्रतिवेदन पारित गर्नेछ।

(घ) संघको माथिल्लो निकायबाट प्राप्त निर्णय, नीति र निर्देशनहरू अविलम्व कार्यान्वयन र पालना गर्नेछ। यस्तो निर्देशनहरू आफु मातहतका सम्बन्धित निकायहरूमा अविलम्व पठाउनेछ।

(ङ) एकजना महिला सहित २ जना प्रदेश अधिवेशन प्रतिनिधि चयन गर्ने ।

**(३) प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको गठनः**

(क) प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको गठन देहाय बमोजिम हुनेछः-

(१) प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशनले आफूमध्येबाट निर्वाचित गरेका एक जना अध्यक्ष,

(२) प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशनले आफूमध्येबाट निर्वाचित गरेका कम्तिमा २ जना महिला सहित ५ जना सदस्य खुल्ला,

(३) खण्ड (क) र (ख) बमोजिमको प्रदेशसभा क्षेत्रीय कार्यसमितिले एक तिहाइ सदस्य महिला हुनु पर्ने समावेशी सिद्धान्त र अपाङ्गता भएका वर्गको प्रतिनिधित्वलाई समेत ध्यानमा राखी गनोनीत गरेका ३ जना सदस्य ।

(ख) खण्ड (क) को उपखण्ड (१), (२) र (३) बमोजिमको प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिले उपखण्ड (२) र (३) बमोजिमका सदस्यमध्येबाट पदाधिकारीमा कम्तिमा एक जना महिला पर्ने गरी उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिव चयन गर्नेछन् रपदाधिकारी चयन सहमतिमा हुन नसकेमा गोप्य मतदानको विधिबाट गर्न सकिनेछ।

तर पदाधिकारीको निर्वाचन हुने भएमा खण्ड (क) को उपखण्ड (३) बमोजिमका सदस्यहरू उम्मेदवार हुन सक्नेछन् तर यस खण्डको प्रयोजनका लागि मतदानमा सहभागी हुन सक्ने छैनन् ।

(ग) प्रदेश अधिवेशन प्रतिनिधि पदेन सदस्य हुनेछन्।

(घ) प्रदेश अन्तर्गतका स्थानीय तहका कार्यसमितिका अध्यक्षहरू पदेन प्रदेश सभा निर्वाचन क्षेत्रीय कार्यसमितिको सदस्य हुनेछन्।

(ङ) प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको बैठक प्रत्येक दुई महिनामा कम्तिमा एक पटक बस्नेछ।

**(४) प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकारः** प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) माताहतका निकायबाट प्राप्त सदस्यता वितरण तथा नविकरणको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने,

(ख) प्रदेशसभा निर्वाचन क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिले भोग्नु परेका अवरोध र विभेदलाई न्युनीकरण गर्न अभियान सञ्चालन गर्ने,

(ग) प्रदेशसभा निर्वाचन क्षेत्र भित्र रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि अत्यावश्यक सहायक सामग्री, सहयोगी, गुणस्तरीय समावेशी शिक्षा, सर्वशुलभ स्वास्थ्य, रोजगार तथा स्वरोजगार जस्ता आधारभूत सेवा तथा सुविधा उपलब्ध गराई उनीहरूलाई समाजमा स्वनिर्णयमा मर्यादित र स्वाभिमानी तवरबाट जीवनयापन गर्न सक्ने नागरिक बनाउनका लागि समाजमा रहेका सबै तह, वर्ग, समुदाय र राज्य तथा सरोकारवाला निकायहरूसँग समय समयमा अन्तरक्रिया, गोष्ठी, छलफल आदि सञ्चालन गर्ने,

(घ) अपाङ्गता अधिकार संरक्षण र प्रवर्द्धनका लागि सरकार, संघ, संस्था र सरोकारवालाहरूसँग आवश्यक समन्वय र सहयोग आदानप्रदान गर्ने, गराउने,

(ङ) पार्टीको तर्फबाट उम्मेदवार भएका व्यक्तिका पक्षमा व्यापक प्रचार प्रसार गरी विजयी गराउन भूमिका खेल्ने,

(च) प्रदेशसभा निर्वाचन क्षेत्रभित्र संघको प्रभाव र अन्य संगठनको प्रभावका बीच समीक्षा गरी संघका पक्षमा अन्य समुदायलाई आकर्षित गर्न आवश्यक कार्य गर्ने,

(छ) प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिबाट भएका निर्णय कार्यान्वयन गर्ने, गराउने तथा माथिल्लो निकायबाट जारी भएका परिपत्र एवं निर्देशनहरूको कार्यान्वयन गर्ने, गराउने, र

(ज) संघ र पार्टीका हितमा अन्य आवश्यक काम गर्ने।

**(५) प्रदेशसभा निर्वाचन क्षेत्रीय अध्यक्षको काम, कर्तव्य र अधिकारः** प्रदेशसभा निर्वाचन क्षेत्रीय अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रदेशसभा निर्वाचन क्षेत्रीय अधिवेशन, प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमिति र कार्यसम्पादन समितिको अध्यक्षता गर्ने,

(ख) प्रदेशसभा क्षेत्रमा संघको नेतृत्व गर्ने,

(ग) संघको माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन, प्रदेशसभा निर्वाचन क्षेत्रीय अधिवेशन र कार्यसमितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यको कार्यविभाजन गर्ने र आवश्यकता अनुसार कार्यविभाजन हेरफेर गर्ने,

(ङ) प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको बैठक बोलाउने,

(च) आफ्नो अनुपस्थितिमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएको अवस्थामा सचिवलाई कार्यवाहक तोक्न सक्ने, र

(छ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने।

(६) **प्रदेशसभा निर्वाचन क्षेत्रीय सम्मेलनः** संघको प्रदेशसभा निर्वाचन क्षेत्रीय सम्मेलन वर्षको एक पटक हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः–

(क) प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिका अध्यक्ष सम्मेलनको सभापति तथा पदाधिकारी र सदस्यहरू प्रदेशसभा निर्वाचन क्षेत्रीय सम्मेलनका सदस्य हुनेछन्।

(ख) प्रदेशसभा निर्वाचन क्षेत्रीय अधिवेशनका सदस्यहरू प्रदेशसभा निर्वाचन क्षेत्रीय सम्मेलनका सदस्य हुनेछन्।

(ग) प्रदेशसभा निर्वाचन क्षेत्रीय सम्मेलनले वर्षभरिका संघका गतिविधिहरूको समीक्षा गर्दै प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिद्वारा प्रस्तुत आगामी वर्षको कार्ययोजनालाई स्वीकृत गर्नेछ।

(घ) अधिवेशन हुने वर्ष प्रदेशसभा निर्वाचन क्षेत्रीय अधिवेशनले नै प्रदेशसभा निर्वाचन क्षेत्रीय सम्मेलनको कार्य गर्नेछ।

११. <u>प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशन, कार्यसमिति र सम्मेलनः</u>

(१) **प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशनः** संघको प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशन प्रत्येक चार वर्षमा हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः–

(क) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको अध्यक्ष प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशनको सभापति हुनेछ।

(ख) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिका पदाधिकारी र सदस्यहरू प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनका पदेन सदस्य रहनेछन्।

(ग) प्रतिनिधिसभा निर्वाचन क्षेत्र भित्र पर्ने सबै गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका कार्यसमितिका अध्यक्षहरू प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशनका सदस्य हुनेछन्।

(घ) प्रतिनिधिसभा निर्वाचन क्षेत्र भित्र पर्ने सबै स्थानीय तहबाट निर्वाचित क्षेत्रीय प्रतिनिधिहरू प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशनका सदस्य हुनेछन्।

(ङ) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशन जिल्ला कार्यसमितिको प्रतिनिधिको पर्यवेक्षणमा हुनेछ।

(२) **प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशनको काम, कर्तव्य र अधिकारः** प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोझिम हुनेछः–

(क) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको गठन गर्नेछ।

(ख) कार्यसमितिले सम्पादन गरेका कार्यहरूको समीक्षा एवं भावी नीति र कार्यक्रमको तर्जुमा गर्नेछ।

(ग) सचिव र कोषाध्यक्षद्वारा प्रस्तुत सांगठनिक प्रतिवेदन, कार्यप्रगति प्रतिवेदन, भावी कार्ययोजना र आर्थिक प्रतिवेदन पारित गर्नेछ।

(घ) संघको माथिल्लो निकायबाट प्राप्त निर्णय, नीति र निर्देशन अविलम्व कार्यान्वयन र पालना गर्नेछ । यस्तो निर्देशन आफु मातहतका सम्बन्धित निकायमा अविलम्व पठाउनेछ।

(ङ) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशनले केन्द्रीय महाधिवेशनका लागि देहाय बमोजिम प्रतिनिध चयन गर्नेछः–

(१) एक महिला सहित २ जना खुला, र

(२) अपाङ्गताको फरक वर्ग पर्ने गरी समावेशी सिद्धान्तका आधारमा २ जना ।

**(३) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको गठनः**

(क) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको गठन देहाय बमोजिम हुनेछः

(१) अधिवेशनले आफूमध्येबाट निर्वाचित गरेका एक जना अध्यक्ष,

(२) प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशनले आफूमध्येबाट निवाचित गरेका कम्तिमा २ जना महिला सहित ५ जना सदस्य खुला।

(३) उपखण्ड (१) र (२) बमोजिमको कार्यसमितिले एक तिहाइ सदस्य महिला हुनु पर्ने समावेशी सिद्धान्त र अपाङ्गता भएका वर्गको प्रतिनिधित्व समेतलाई ध्यानमा राखी मनोनीत गरेका थप ५ जना सदस्य।

(ख) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिले खण्ड (क) को उपखण्ड (२) र (३) का सदस्यमध्येबाट पदाधिकारीमा कम्तिमा एक जना महिला पर्ने गरी सचिव, कोषाध्यक्ष र सहसचिव चयन गर्नु पर्नेछ। पदाधिकारी चयन सहमतिमा हुन नसकेमा गोप्य मतदानको विधिबाट गर्न सकिनेछ।

तर पदाधिकारीको निर्वाचन हुने भएमा खण्ड (क) को उपखण्ड (३) बमोजिमका सदस्यहरू उम्मेदवार हुन सक्नेछन् तर यस खण्डको प्रयोजनका लागि मतदानमा सहभागी हुन सक्ने छैनन्।

(ग) केन्द्रीय महाधिवेशन प्रतिनिधि प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको पदेन सदस्य हुनेछन्।

(घ) प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिका अध्यक्षहरू प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको पदेन उपाध्यक्ष हुनेछन्।

((ङ) सम्बन्धित निर्वाचन क्षेत्रभित्रका स्थानीय तहका कार्यसमितिका अध्यक्षहरू प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय कार्यसमितिको पदेन सदस्य हुनेछन्।

(च) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको बैठक प्रत्येक तीन महिनामा कम्तिमा एक पटक बस्नेछ।

**(४) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकारः** संघको प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य अधिकार देहाय बमाजिम हुनेछः-

(क) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिले मातहतका निकायबाट प्राप्त सदस्यता वितरण तथा नविकरणको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने,

(ख) प्रतिनिधिसभा निर्वाचन क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिले भोग्नु परेका अवरोध र विभेदलाई न्युनीकरण गर्न अभियान सञ्चालन गर्ने,

(ग) प्रतिनिधिसभा निर्वाचन क्षेत्र भित्र रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि अत्यावश्यक सहायक सामग्री, सहयोगी, गुणस्तरीय समावेशी शिक्षा, सर्वशुलभ स्वास्थ्य, रोजगार तथा स्वरोजगार जस्ता आधारभूत सेवा तथा सुविधाहरू उपलब्ध गराई उनीहरूलाई समाजमा स्वनिर्णयमा मर्यादित र स्वाभिमानी तवरबाट जीवनयापन गर्न सक्ने नागरिक बनाउनका लागि समाजमा रहेका सबै तह, वर्ग, समुदाय र राज्य तथा सरोकारवाला निकायसँग समय समयमा अन्तरक्रिया, गोष्ठी, छलफल आदि सञ्चालन गर्ने,

(घ) अपाङ्गता अधिकार संरक्षण र प्रवर्द्धनका लागि सरकार, संघ, संस्था र सरोकारवालाहरूसँग आवश्यक समन्वय र सहयोग आदान प्रदान गर्ने, गराउने ।

(ङ) पार्टीको तर्फबाट उम्मेदवार भएका व्यक्तिका पक्षमा व्यापक प्रचार प्रसार गरी विजयी गराउन भूमिका खेल्ने,

(च) प्रतिनिधिसभा निर्वाचन क्षेत्रभित्र संघको प्रभाव र अन्य संगठनको प्रभावका बीच समीक्षा गरी संघका पक्षमा अन्य समुदायलाई आकर्षित गर्न आवश्यक कार्य गर्ने,

(छ) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिबाट भएका निर्णय कार्यन्वयन गर्ने, गराउने तथा माथिल्लो निकायबाट जारी भएका परिपत्र एवं निर्देशनहरूको कार्यान्वयन गर्ने, गराउने, र

(ज) संघ र पार्टीका हितमा अन्य आवश्यक काम गर्ने।

**(५) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको अध्यक्षको काम, कर्तव्य र अधिकारः** संघको प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशन, प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमिति र कार्यसम्पादन समितिको अध्यक्षता गर्ने,

(ख) प्रतिनिधिसभा क्षेत्रमा संघको नेतृत्व गर्ने,

(ग) संघको माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन, प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशन र कार्यसमितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यको कार्यविभाजन गर्ने र आवश्यकता अनुसार कार्यविभाजन हेरफेर गर्ने,

(ङ) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको बैठक बोलाउने,

(च) आफ्नो अनुपस्थितिमामा उपाध्यक्षलाई र उपाध्यक्ष नभएको अवस्थामा सचिवलाई कार्यवाहक तोक्न सक्ने, र

(छ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने।

(६) **प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय सम्मेलनः** संघको प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय सम्मेलन वर्षको एक पटक हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिका अध्यक्ष सम्मेलनका सभापति तथा पदाधिकारी र सदस्यहरू प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय सम्मेलनका सदस्य हुनेछन्।

(ख) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशनका सदस्यहरू प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय सम्मेलनका सदस्य हुनेछन्।

(ग) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय सम्मेलनले वर्षभरीका संघका गतिविधिको समीक्षा गर्दै प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिद्वारा प्रस्तुत आगामी वर्षको कार्ययोजनालाई स्वीकृत गर्नेछ।

(घ) अधिवेशन हुने वर्ष प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशनले नै प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय सम्मेलनको कार्य गर्नेछ।

१२. **<u>जिल्ला अधिवेशन, कार्यसमिति र सम्मेलनः</u>**

(१) **जिल्ला अधिवेशनः** हरेक चार वर्षमा संघको जिल्ला अधिवेशन हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) जिल्ला कार्यसमितिको अध्यक्ष जिल्ला अधिवेशनको सभापति हुनेछ।

(ख) जिल्ला कार्यसमितिका पदाधिकारी र सदस्यहरू जिल्ला अधिवेशनका पदेन सदस्य रहनेछन्।

(ग) जिल्लाभित्रका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका कार्यसमितिका अध्यक्षहरू जिल्ला अधिवेशनको सदस्य हुनेछन्।

(घ) जिल्लाभरका स्थानीय तहको अधिवेशनबाट निर्वाचित क्षेत्रीय प्रतिनिधिहरू जिल्ला अधिवेशनका सदस्य हुनेछन्।

(ङ) जिल्ला अधिवेशन प्रदेश र केन्द्रीय कार्यसमितिको प्रतिनिधिको पर्यवेक्षणमा हुनेछ।

(२) **जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकारः** जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्ला अधिवेशनले जिल्ला कार्यसमितिको गठन गर्नेछ।

(ख) जिल्ला अधिवेशनले कार्यसमितिले सम्पादन गरेका कार्यहरूको समीक्षा एवं भावी नीति र कार्यक्रमको तर्जुमा गर्नेछ।

(ग) संघको संगठन विस्तारका लागि आवश्यक कार्यक्रमको तर्जुमा गरी लागू गर्नेछ।

(घ) सचिव र कोषाध्यक्षद्वारा प्रस्तुत सांगठनिक प्रतिवेदन, कार्यप्रगति प्रतिवेदन, भावी कार्ययोजना र आर्थिक प्रतिवेदन पारित गर्नेछ।

(ङ) संघको माथिल्लो निकायबाट प्राप्त निर्णय, नीति र निर्देशन अविलम्व कार्यान्वयन र पालना गर्नेछ। यस्तो निर्देशन आफु मातहतका सम्बन्धित निकायहरूमा अविलम्व पठाउनेछ।

**(३) जिल्ला कार्यसमितिको गठनः**

(क) जिल्ला कार्यसमितिको गठन देहाय बमोजिम हुनेछः-

(१) जिल्ला अधिवेशनले प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशनले चयन गरेको जिल्लाभित्रका केन्द्रीय महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेको अध्यक्ष,

(२) प्रत्येक स्थानीय तहका प्रतिनिधिले आफूमध्येबाट निर्वाचित गरेका एक/एक जना सदस्य,

(३) उपखण्ड (१) र (२) बमोजिमको जिल्ला कार्यसमितिले कार्यसमितिमा एक तिहाइ सदस्य महिला हुनु पर्ने समावेशी सिद्धान्त र अपाङ्गता भएका वर्गको प्रतिनिधित्वलाई समेत ध्यानमा राखी जिल्ला मनोनीत गरेको बढीमा ५ जना सदस्य ।

(ख) जिल्ला कार्यसमितिले खण्ड (क) को उपखण्ड (२) र (३) बमोजिमका सदस्यमध्येबाट पदाधिकारीमा कम्तिमा एक जना महिला सहित उपाध्यक्ष सचिव, कोषाध्यक्ष र सहसचिव चयन गर्नु पर्नेछ। पदाधिकारी चयन सहमतिमा हुन नसकेमा गोप्य मतदानको विधिबाट गर्न सकिनेछ।

तर पधिकारीको निर्वाचन हुने भएमा खण्ड (क) को उपखण्ड (३) बमोजिमका सदस्यहरू उम्मेदवार हुन सक्नेछन तर यस खण्डको प्रयोजनका लागि मतदानमा सहभागी हुन सक्ने छैनन्।

(ग) प्रदेश सभा निर्वाचन क्षेत्र, प्रतिनिधि सभा निर्वाचन क्षेत्र र गाउँ वा नगर कार्यसमितिका अध्यक्षहरू जिल्ला कार्यसमितिको पदेन सदस्य हुनेछन् ।

(घ) जिल्ला कार्यसमितिको बैठक कम्तिमा प्रत्येक तीन महिनामा एकपटक बस्नेछ।

**(४) जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकारः** संघको जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) माताहतका निकायबाट प्राप्त सदस्यता वितरण तथा नविकरणको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने,

(ख) जिल्ला भित्रका अपाङ्गता भएका व्यक्तिले भोग्नु परेका अवरोध र विभेदलाई न्युनीकरण गर्न अभियान सञ्चालन गर्ने,

(ग) जिल्लाभित्र रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि अत्यावश्यक सहायक सामग्री, सहयोगी, गुणस्तरीय समावेशी शिक्षा, सर्वशुलभ स्वास्थ्य, रोजगार तथा स्वरोजगार जस्ता आधारभूत सेवा तथा सुविधाहरू उपलब्ध गराई उनीहरूलाई समाजमा स्वनिर्णयमा

मर्यादित र स्वाभिमानी तवरबाट जीवनयापन गर्न सक्ने नागरिक बनाउनका लागि समाजमा रहेका सबै तह, वर्ग, समुदाय र राज्य तथा सरोकारवाला निकायहरूसँग समय समयमा अन्तरक्रिया, गोष्ठी, छलफल आदि सञ्चालन गर्ने,

(घ) अपाङ्गता अधिकार संरक्षण र प्रवर्द्धनका लागि सरकार, संघ, संस्था र सरोकारवालासँग आवश्यक समन्वय र सहयोग आदानप्रदान गर्ने, गराउने,

(ङ) पार्टीको तर्फबाट उम्मेदवार भएका व्यक्तिका पक्षमा व्यापक प्रचार प्रसार गरी विजयी गराउन भूमिका खेल्ने,

(च) जिल्लाभित्र संघको प्रभाव र अन्य संगठनको प्रभावका बीच समीक्षा गरी संघका पक्षमा अन्य समुदायलाई आकर्षित गर्न आवश्यक कार्य गर्ने,

(छ) आवश्यकता अनुसार विभिन्न उपसमिति बनाई काम गर्न सक्ने,

(ज) जिल्ला कार्यसमितिबाट भएका निर्णयहरू कार्यन्वयन गर्ने, गराउने तथा माथिल्लो निकायबाट जारी भएका परिपत्र एवं निर्देशनहरूको कार्यान्वयन गर्ने, गराउने, र

(झ) संघ र पार्टीका हितमा अन्य आवश्यक काम गर्ने।

(५) **जिल्ला कार्यसम्पादन समितिको गठनः** संघको काम कारवाहीलाई प्रभावकारी बनाउन हरेक जिल्लामा एक कार्यसम्पादन समिति रहनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) जिल्ला कार्यसमितिको एउटा बैठक र अर्को बैठकको बीचमा कार्यसमितिले गर्नु पर्ने कार्यसम्पादन गर्न एक कार्यसम्पादन समितिको गठन गरिनेछ।

(ख) जिल्ला कार्यसमितिका पदाधिकारी जिल्ला कार्यसम्पादन समितिमा पदेन सदस्य हुनेछन्।

(ग) जिल्ला कार्यसमितिका अध्यक्षद्वारा प्रस्तावित र कार्यसमितिबाट स्वीकृत बढीमा ५ जना सदस्यहरू कार्यसम्पादन समितिमा रहनेछन्।

(घ) जिल्ला कार्यसम्पादन समितिले गरेका निर्णयहरू कार्यसमितिको आगामी बैठकबाट अनुमोदन गराउनु पर्नेछ।

(ङ) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिका अध्यक्षहरू जिल्ला कार्यसम्पादन समितिको पदेन सदस्य रहनेछन र एउटामात्र निर्वाचन क्षेत्र भएको जिल्लाको हकमा प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिको अध्यक्षहरू पदेन सदस्य हुनेछन्।

(६) **जिल्ला कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकारः** जिल्ला कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्ला कार्यसमितिको वैठक नभएको समयमा जिल्ला कार्यसमितिको बैठकले गर्ने सबै कार्य गर्न सक्ने, र

(ख) जिल्ला कार्यसमितिको बैठकमा आफ्नो निर्णय अनुमोदनका लागि पेश गर्ने।

**(७) जिल्ला कार्यसमितिको अध्यक्षको काम, कर्तव्य र अधिकारः** जिल्ला कार्यसमितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्ला अधिवेशन, जिल्ला कार्यसमिति र जिल्ला कार्यसम्पादन समितिको अध्यक्षता गर्ने,

(ख) जिल्लामा संघको नेतृत्व गर्ने,

(ग) संघको तर्फबाट जिल्लास्तरीय सभा, सम्मेलन वा अन्य संघ, संस्थामा प्रतिनिधत्व गर्ने, गराउने,

(घ) संघको उद्देश्य अनुरुप संघको सांगठनिक अवस्थालाई मजवुत बनाउँदै यसको विस्तार गर्न सक्षम एवं सुदृढ नेतृत्व प्रदान गर्ने,

(ङ) केन्द्रीय कार्यसमिति र प्रदेश कार्यसमितिको नीति, निर्णय र निर्देशनलाई कार्यान्वयन गर्ने, गराउने,

(च) जिल्ला अधिवेशन र कार्यसमितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(छ) जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यको कार्यविभाजन गर्ने र आवश्यकता अनुसार कार्यविभाजन हेरफेर गर्ने,

(ज) जिल्ला कार्यसमितिको बैठक बोलाउने,

(झ) आफ्नो अनुपस्थितिमा उपाध्यक्षलाई र उपाध्यक्ष समेत नभएको अवस्थामा सचिवलाई कार्यवाहक तोक्न सक्ने, र

(ञ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने।

**(८) जिल्ला कार्यसमितिको सचिवको काम, कर्तव्य र अधिकार**: जिल्ला कार्यसमितिको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्ला अधिवेशन, जिल्ला कार्यसमिति, जिल्ला सचिवालय र केन्द्रीय नीति निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) संघको जिल्ला कार्यालयको रेखदेख गर्ने,

(ग) संघको कागजपत्र सुरक्षित र दुरुस्त राख्ने,

(घ) संघको कार्यमा अध्यक्षको निर्देशन अनुसार प्रतिनिधि खटाउने, र

(ङ) अध्यक्षको परामर्शमा जिल्ला कार्यसमितिको बैठक बोलाउने।

**(९) जिल्ला कार्यसमितिको कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः** जिल्ला कार्यसमितिको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संघको निमित्त आवश्यक श्रोत साधनको व्यवस्था गर्ने,

(ख) संघको सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने,

(ग) जिल्ला कार्यसमितिको निर्णय अनुसार बैंकमा संघको नाममा खाता खोल्ने र जिल्ला कार्यसमितिको निर्णय अनुसार सञ्चालन गर्ने,

(घ) संघको निमित्त प्राप्त हुने सदस्यता शुल्क अनिवार्य शुल्क, मासिक सहयोग रकम र सुभेच्छुक र समर्थकबाट प्राप्त रकम संकलन गर्ने,

(ङ) संघको कार्यसञ्चालन गर्न निर्णय अनुसार निकासा गर्ने, र त्यसको हिसाब किताब दुरुस्त राख्ने,

(च) संघको आर्थिक कारोबार हरेक तीन महिनामा जिल्ला कार्यसमितिमा पेश गर्ने, बार्षिक लेखापरीक्षण गराउने, लेखापरीक्षण गरेको कागजपत्र केन्द्रीय समितिमा बार्षिक रूपमा पेश गर्ने,

(१०) जिल्ला कार्यसमितिको उपाध्यक्ष, सहसचिव र सदस्यको काम, कर्तव्य र अधिकार जिल्ला कार्यसमितिले तोके बमोजिम हुनेछ।

(१०) **जिल्ला सम्मेलनः** संघको जिल्ला सम्मेलन वर्षको एक पटक हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) जिल्ला कार्यसमितिले जिल्ला सम्मेलन बोलाउनेछ।

(ख) जिल्ला कार्यसमितिको अध्यक्ष सम्मेलनका सभापति तथा पदाधिकारी र सदस्यहरू जिल्ला सम्मेलनका सदस्य हुनेछन्।

(ग) जिल्ला अधिवेशनका सदस्यहरू जिल्ला सम्मेलनका सदस्य हुनेछन्।

(घ) जिल्ला कार्यसमितिबाट प्रस्तुत बार्षिक कार्यक्रम तथा प्रतिबेदन माथि छलफल गर्नेछ।

(ङ) जिल्ला सम्मेलनले वर्षभरिका संघका गतिविधिहरूको समीक्षा गर्दै जिल्ला कार्यसमितिद्वारा प्रस्तुत आगामी वर्षको कार्ययोजनालाई स्वीकृत गर्नेछ।

(च) सम्मेलनले संघका वर्षभरिका गतिविधिहरूको समीक्षा गर्दै जिल्ला कार्यसमितिलाई संघको उद्देश्य मुताबिक क्रियाशील रहन मार्गनिर्देश गर्नेछ।

(छ) सम्मेलनले आवश्यकता अनुसार संघका समसामयिक नीतिहरू तर्जुमा गर्नेछ।

(ज) अधिवेशन हुने वर्ष जिल्ला अधिवेशनले नै जिल्ला सम्मेलनको समेत कार्य गर्नेछ।

१३. <u>**प्रदेश अधिवेशन, कार्यसमिति र सम्मेलनः**</u>

(१) **प्रदेश अधिवेशनः** प्रत्येक चार वर्षमा संघको प्रदेश अधिवेशन हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) प्रदेश कार्यसमितिको अध्यक्ष प्रदेश अधिवेशनको सभापति हुनेछ।

(ख) प्रदेश कार्यसमितिका पदाधिकारी र सदस्यहरू प्रदेश अधिवेशनका पदेन सदस्य रहनेछन्।

(ग) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिका अध्यक्षहरू प्रदेश अधिवेसनका सदस्य हुनेछन्।

(घ) प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिका अध्यक्षहरू प्रदेश अधिवेसनका सदस्य हुनेछन्।

(ङ) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशनले चयन गरेका केन्द्रीय महाधिवेशन प्रतिनिधिहरू प्रदेश अधिवेशनका सदस्य हुनेछन्।

(च) प्रदेशसभा निर्वाचन क्षेत्रीय अधिवेशनले चयन गरेका प्रदेश अधिवेशन प्रतिनिधिहरू प्रदेश अधिवेसनका सदस्य हुनेछन्।

(छ) प्रदेश अधिवेशन केन्द्रीय कार्यसमितिको प्रतिनिधिको पर्यवेक्षणमा हुनेछ।

**(२) प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकारः प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) प्रदेश अधिवेशनले प्रदेश कार्यसमितिको गठन गर्नेछ।

(ख) प्रदेश कार्यसमितिले सम्पादन गरेका कार्यहरूको समीक्षा एवं भावी नीति र कार्यक्रमको तर्जुमा गर्नेछ।

(ग) संघको संगठन विस्तारका लागि आवश्यक कार्यक्रमको तर्जुमा गरी लागू गर्नेछ।

(घ) प्रदेश महामन्त्री र कोषाध्यक्षद्वारा प्रस्तुत सांगठनिक प्रतिवेदन, कार्यप्रगति प्रतिवेदन, भावी कार्ययोजना र आर्थिक प्रतिवेदन पारित गर्नेछ।

(ङ) संघको माथिल्लो निकायबाट प्राप्त निर्णय, नीति र निर्देशनहरू अविलम्व कार्यान्वयन र पालना गर्नेछ। यस्तो निर्देशनहरू आफु मातहतका सम्बन्धित निकायहरूमा अविलम्व पठाउनेछ।

**(३) प्रदेश कार्यसमितिः**

(क) प्रदेश कार्यसमितिको गठन देहाय बमोजिम हुनेछः-

(१) प्रदेश अधिवेशनले आफूमध्येबाट निर्वाचित गरेका अध्यक्ष, उपाध्यक्ष र महामन्त्री,

(२) प्रदेश अधिवेशनले आफूमध्येबाट निर्वाचित गरेका दुई जना महिला सहित ६ जना सदस्य,

(३) प्रत्येक जिल्लाका प्रतिनिधिहरूले आफुमध्येबाट निर्वाचित गरेका १ जना सदस्य,

(४) उपखण्ड (१), (२) र (३) बमोजिमको प्रदेश कार्यसमितिले कार्यसमितिमा एक तिहाइ सदस्य महिला हुनु पर्ने समावेशी सिद्धान्त र अपाङ्गता भएका वर्गको प्रतिनिधित्वलाई समेत ध्यानमा राखी निर्वाचित सदस्य संख्याको तीस प्रतिशत संख्या नबढ्ने गरी मनोनीत गरेका सदस्य।

(ख) प्रदेश कार्यसमितिले आफुमध्येबाट खण्ड (क) उपखण्ड (२), (३) र (४) बमोजिमका सदस्यहरूमध्येबाट पदाधिकारीमा कम्तिमा एक जना महिला सहित कोषाध्यक्ष र २ जना सहमहामन्त्री चयन गर्नु पर्नेछ। पदाधिकारी चयन सहमतिमा हुन नसकेमा गोप्य मतदानको विधिबाट गर्न सकिनेछ।

तर पदाधिकारीको निर्वाचन हुने अवस्था भएमा खण्ड (क) को उपखण्ड (४) बमोजिमका सदस्य उम्मेदवार हुन सक्नेछन् तर यस खण्डको प्रयोजनका लागि मतदानमा सहभागी हुन सक्ने छैनन्।

(ग) जिल्ला कार्यसमितिका अध्यक्षहरू प्रदेश कार्यसमितिको पदेन सदस्य हुनेछन्।

(घ) प्रदेश कार्यसमितिको बैठक प्रत्येक तीन महिनामा कम्तिमा एक पटक बस्नेछ।

(४) **प्रदेश कार्यसम्पादन समितिः**

(क) प्रदेश कार्यसमितिको एउटा बैठक र अर्को बैठकको बीचमा प्रदेश कार्यसमितिले गर्नु पर्ने कार्य सम्पादन गर्न एक प्रदेश कार्यसम्पादन समितिरहनेछ।

(ख) प्रदेश कार्यसमितिका पदाधिकारी प्रदेश कार्यसम्पादन समितिमा पदेन सदस्य रहनेछन्।

(ग) प्रदेश कार्यसमितिका अध्यक्षद्वारा प्रस्तावित र कार्यसमितिबाट स्वीकृत बढीमा ५ जना सदस्य कार्यसम्पादन समितिमा रहनेछन्।

(घ) प्रदेश कार्यसम्पादन समितिले गरेका निर्णय कार्यसमितिको आगामी बैठकबाट अनुमोदन गराउनु पर्नेछ।

(५) **प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकारः** प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्ला कार्यसमितिमार्फत प्राप्त सदस्यता वितरण तथा नविकरणको अभिलेख राखी केन्द्रमा विवरण पठाउने,

(ख) प्रदेश भित्रका अपाङ्गता भएका व्यक्तिले भोग्नु परेका अवरोध र विभेदलाई न्युनीकरण गर्न अभियान सञ्चालन गर्ने,

(ग) प्रदेशभित्र रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि अत्यावश्यक सहायक सामग्री, सहयोगी, गुणस्तरीय समावेशी शिक्षा, सर्वशुलभ स्वास्थ्य, रोजगार तथा स्वरोजगार जस्ता आधारभूत सेवा तथा सुविधा उपलब्ध गराई उनीहरूलाई समाजमा स्वनिर्णयमा मर्यादित र स्वाभिमानी तवरबाट जीवनयापन गर्न सक्ने नागरिक बनाउनका लागि समाजमा रहेका सबै तह, वर्ग, समुदाय र राज्य तथा सरोकारवाला निकायहरूसँग समय समयमा अन्तरक्रिया, गोष्ठी, छलफल आदि सञ्चालन गर्ने,

(घ) अपाङ्गता अधिकार संरक्षण र प्रवर्द्धनका लागि विभिन्न तहका सरकार, संघ, संस्था र सरोकारवालासँग आवश्यक समन्वय र सहयोग आदान प्रदान गर्ने, गराउने,

(ङ) संघको आफ्नै र राज्यका विभिन्न तह र निकायबीच समन्वय कायम गरी आवश्यक सहयोग आदानप्रदान गर्ने,

(च) संगठन विस्तारका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी लागू गर्ने,

(छ) पार्टीको तर्फबाट उम्मेदवार भएका व्यक्तिका पक्षमा व्यापक प्रचार प्रसार गरी विजयी गराउन भूमिका खेल्ने,

(ज) प्रदेशभित्र संघको प्रभाव र अन्य संगठनको प्रभावका बीच समीक्षा गरी संघका पक्षमा अन्य समुदायलाई आकर्षित गर्न आवश्यक कार्य गर्ने,

(झ) विधान अनुसार विभिन्न विभाग तथा उपसमिति बनाई काम गर्ने,

(ञ) प्रदेश कार्यसमितिबाट भएका निर्णय कार्यन्वयन गर्ने, गराउने तथा केन्द्रीय समितिको निर्णय तथा परिपत्र एवं निर्देशनको कार्यान्वयन गर्ने, गराउने, र

(ट) संघ र पार्टीका हितमा अन्य आवश्यक काम गर्ने।

**(६) प्रदेश कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकारः** प्रदेश कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश अधिवेशन कार्यसमितिको बैठक नभएको समयमा प्रदेश कार्यसमितिको बैठकले गर्ने सबै कार्य गर्न सक्नेछ।

(ख) प्रदेश कार्यसम्पादन समितिले प्रदेश कार्यसमितिको बैठककमा आफ्नो निर्णय अनुमोदनका लागि पेश गर्नेछ।

**(७) प्रदेश कार्यसमितिका अध्यक्षको काम, कर्तव्य र अधिकारः** प्रदेश कार्यसमितिका अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश अधिवेशन, प्रदेश कार्यसमिति र प्रदेश कार्यसम्पादन समितिको बैठकको अध्यक्षता गर्ने,

(ख) प्रदेशमा संघको नेतृत्व गर्ने,

(ग) संघको तर्फबाट प्रदेशस्तरीय सभा, सम्मेलन वा अन्य संघ, संस्थामा प्रतिनिधत्व गर्ने, गराउने,

(घ) संघको उद्देश्य अनुरुप संघको सांगठनिक अवस्थालाई मजवुत बनाउँदै यसको विस्तार गर्न सक्षम एवं सुदृढ नेतृत्व प्रदान गर्ने,

(ङ) केन्द्रीय कार्यसमितिको नीति, निर्णय र निर्देशनलाई कार्यान्वयन गर्ने, गराउने,

(च) प्रदेश अधिवेशन र प्रदेश कार्यसमितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(छ) प्रदेश कार्यसमितिको बैठक बोलाउने,

(ज) आफ्नो अनुपस्थितिमा उपाध्यक्षलाई र उपाध्यक्ष समेत नभएको अवस्थामा महामन्त्रीलाई कार्यवाहक तोक्ने, र

(झ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने।

**(८) प्रदेश कार्यसमितिको महामन्त्रीको काम, कर्तव्य र अधिकार:** प्रदेश कार्यसमितिको महामन्त्रीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश अधिवेशन, प्रदेश कार्यसमिति र केन्द्रीय नीति निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) संघको प्रदेश कार्यालय तथा सो अन्तर्गतको सम्पत्तिको रेखदेख गर्ने,

(ग) संघको कागजपत्र तथा अभिलेख सुरक्षित र दुरुस्त राख्ने,

(घ) संघको कार्यमा प्रदेश कार्यसमितिको अध्यक्षको निर्देशन अनुसार प्रतिनिधि खटाउने, र

(ङ) अध्यक्षको परामर्शमा कार्यसमितिको बैठक बोलाउने।

**(९) प्रदेश कार्यसमितिको कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः** प्रदेश कार्यसमितिको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संघको निमित्त आवश्यक श्रोत साधनको व्यवस्था गर्ने,

(ख) संघको सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने,

(ग) प्रदेश कार्यसमितिको निर्णय अनुसार बैंकमा संघको नाममा खाता खोल्ने र खाता सञ्चालन गर्ने,

(घ) संघको निमित्त प्राप्त हुने सदस्यता शुल्क अनिवार्य शुल्क, मासिक सहयोग सहयोग रकम र सुभेच्छुक र समर्थकबाट प्राप्त रकम संकलन गर्ने,

(ङ) संघको कार्यसञ्चालन गर्न निर्णय अनुसार निकासा गर्ने, र त्यसको हिसाब किताब दुरुस्त राख्ने, र

(च) संघको आर्थिक कारोबार हरेक तीन महिनामा प्रदेश कार्यसमितिमा पेश गर्ने, वार्षिक रूपमा लेखापरीक्षण गराउने, लेखापरीक्षण गरेको कागजपत्र केन्द्रीय समितिमा बार्षिक रुपमा पेश गर्ने।

(१०) **प्रदेश उपाध्यक्ष र सहमहामन्त्रीको काम, कर्तव्य र अधिकारः** प्रदेश उपाध्यक्ष र सहमहामन्त्रीको काम, कर्तव्य र अधिकार प्रदेश कार्यसमितिले तोके बमोजिम हुनेछ।

(११) **प्रदेश सम्मेलनः** संघको प्रदेश सम्मेलन वर्षको एक पटक हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) प्रदेश कार्यसमितिले प्रदेश सम्मेलन बोलाउनेछ।

(ख) प्रदेश कार्यसमितिका अध्यक्ष सम्मेलनका सभापति तथा पदाधिकारी र सदस्य प्रदेश सम्मेलनका सदस्य हुनेछन्।

(ग) प्रदेश अधिवेशनका सदस्यहरु प्रदेश सम्मेलनका सदस्य हुनेछन्।

(घ) सम्मेलनले प्रदेश कार्यसमितिबाट प्रस्तुत वार्षिक कार्यक्रम तथा प्रतिवेदन माथि छलफल गर्नेछ।

(ङ) प्रदेश सम्मेलनले वर्षभरिका संघका गतिविधिको समीक्षा गर्दै प्रदेश कार्यसमितिद्वारा प्रस्तुत आगामी वर्षको कार्ययोजना स्वीकृत गर्नेछ।

(च) सम्मेलनले संघका बर्ष भरिका गतिबिधिको समीक्षा गर्दै प्रदेश कार्यसमितिलाई संघको उद्देश्य मुताबिक क्रियाशील रहन मार्गनिर्देश गर्नेछ।

(छ) सम्मेलनले आवश्यकता अनुसार संघका समसामयिक नीतिहरू तर्जुमा गर्नेछ।

(ज) अधिवेशन हुने वर्ष प्रदेश अधिवेशनले नै प्रदेश सम्मेलनको कार्य गर्नेछ।

१४. **<u>केन्द्रीय महाधिवेशन, केन्द्रीय कार्यसमितिः</u>**

(१) **केन्द्रीय महाधिवेशनः** संघको केन्द्रीय महाधिवेशन चार वर्षमा एक पटक हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) केन्द्रीय महाधिवेशन संघको सर्वोच्च अधिकार सम्पन्न निकाय हुनेछ।

(ख) केन्द्रयि कार्यसमितिको अध्यक्ष केन्द्रीय महाधिवेशनको सभापति हुनेछ।

(ग) केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्य केन्द्रीय महाधिवेशनका पदेन सदस्य रहनेछन्।

(घ) प्रदेश कार्यसमितिका अध्यक्षहरू केन्द्रीय महाधिवेशनका सदस्य हुनेछन्।

(ङ) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका अध्यक्षहरू केन्द्रीय महाधिवेशनका सदस्य हुनेछन्।

(च) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशनले चयन गरेका केन्द्रीय महाधिवेशन प्रतिनिधिहरू केन्द्रीय महाधिवेशनका सदस्य हुनेछन्।

(छ) केन्द्रीय महाधिवेशन केन्द्रीय कार्यसमितिले तोकेको मिति र स्थानमा हुनेछ।

**(२) केन्द्रीय महाधिवेशनको काम, कर्तव्य र अधिकारः** केन्द्रीय महाधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रीय कार्यसमितिको निर्वाचन गर्नेछ।

(ख) केन्द्रीय कार्यसमितिले सम्पादन गरेका कार्यहरूको समीक्षा एवं भावी नीति र कार्यक्रमको तर्जुमा गर्नेछ।

(ग) संघको संगठन विस्तारका लागि आवश्यक कार्यक्रमको तर्जुमा गरी लागू गर्नेछ।

(घ) केन्द्रीय महामन्त्री र केन्द्रीय कोषाध्यक्षद्वारा प्रस्तुत सांगठनिक प्रतिवेदन, कार्यप्रगति प्रतिवेदन, भावी कार्ययोजना र आर्थिक प्रतिवेदन पारित गर्नेछ।

(ङ) केन्द्रीय महाधिवेशनका निर्णय, नीति र निर्देशनहरू अविलम्व कार्यान्वयन र पालना गर्नेछ। यस्ता निर्देशनहरू आफु मातहतका सम्बन्धित निकायमा अविलम्व पठाउनेछ।

(च) तोकिए बमोजिम अन्य कार्य गर्नेछ ।

**(३) केन्द्रीय कार्यसमितिको गठनः**

(क) संघको केन्द्रीय कार्यसमिति ५१ जनाको हुनेछ र केन्द्रीय कार्यसमितिको गठन देहाय बमोजिम हुनेछः-

(१) केन्द्रीय महाधिवेशनले आफूमध्येबाट निर्वाचित गरेका केन्द्रीय अध्यक्ष,

(२) महाधिवेशनले आफूमध्येबाट निर्वाचित गरेका एक जना महिला सहित २ जना उपाध्यक्ष,

(३) महाधिवेशनले आफूमध्येबाट निर्वाचित गरेका २ जना महामन्त्री,

(४) महाधिवेशनले आफूमध्येबाट निर्वाचित गरेका तीन जना महिला सहित १० जना खुला सदस्य,

(५) केन्द्रीय महाधिवेशनले आफुमध्येबाट अपाङ्गताको फरक वर्गको प्रतिनिधित्व हुने गरी निर्वाचित गरेका १० जना सदस्य,

(६) केन्द्रीय महाधिवेशनमा प्रत्येक प्रदेशबाट प्रतिनिधित्व गरेका प्रतिनिधिहरूले आफुमध्येबाट निर्वाचित गरेका एक जना महिला सहित दुई जनाको दरले १४ जना सदस्य,

(७) उपखण्ड (१), (२), (३), (४), (५) र (६) बमोजिमको केन्द्रीय कार्यसमितिले कार्यसमितिमा एक तिहाइ सदस्य महिला हुनु पर्ने समावेशी सिद्धान्तलाई ध्यानमा

राखी कार्यसमितिमा छुटेका अपाङ्गता भएका वर्ग, लिंग, जात, क्षेत्र र समुदायका केन्द्रीय महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित सदस्य संख्याको तीस प्रतिशत संख्या नबढ्ने गरी मनोनीत गरेको कम्तिमा छ जना महिला सहित १२ जना सदस्य।

(ख) खण्ड (क) बमोजिमको केन्द्रीय कार्यसमितिले खण्ड (क) को उपखण्ड (४), (५), (६) र (७) का सदस्यहरूमध्येबाट पदाधिकारीमा कम्तिमा एक जना महिला सहित कोषाध्यक्ष र २ जना सहमहामन्त्री चयन गर्नु पर्नेछ। पदाधिकारी चयन सहमतिमा हुन नसकेमा गोप्य मतदानको विधिबाट गर्न सकिनेछ।

तर पदाधिकारीको निर्वाचन हुने भएमा खण्ड (क) को उपखण्ड (७) बमोजिमका सदस्य उम्मेदवार हुन सक्नेछन् तर यस प्रयोजनका लागि मतदानमा सहभागी हुन सक्ने छैनन् ।

(ग) प्रदेश कार्यसमितिका अध्यक्षहरू केन्द्रीय कार्यसमितिको पदेन सदस्य हुनेछन् ।

(घ) केन्द्रीय अध्यक्षले आवश्यकता अनुसार पार्टीका विभिन्न तहका नेता, अन्य भ्रातृ तथा सुभेच्छुक संस्थाका अध्यक्ष वा पदाधिकारी, अपाङ्गता क्षेत्रका विज्ञ वा अपाङ्गताको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिलाई केन्द्रीय कार्यसमितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(ङ) अपाङ्गताको सवालमा अध्यक्षले आवश्यकता अनुसार अन्य पार्टीका अपाङ्गता सम्बन्धी भातृ वा वर्गीय संगठनका अध्यक्ष वा पदाधिकारी वा प्रतिनिधिहरूसँग संयुक्त वा एकला एक्लै छलफल वा बैठक गर्न सक्नेछन्।

(च) केन्द्रीय कार्यसमितिको बैठक प्रत्येक तीन महिनामा कम्तिमा एक पटक बस्नेछ।

(छ) केन्द्रीय कार्यसमितिको बैठक समितिबाट अनलाइन वा प्रविधिको माध्यमबाट पनि बस्न सक्नेछ।

**(४) केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकारः** केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रीय कार्यसमिति केन्द्रीय महाधिवेशनप्रति उत्तरदायी हुने,

(ख) केन्द्रीय महाधिवेशनद्वारा पारित नीति निर्देशन र सुझाव, पालना तथा कार्यान्वयन गर्ने तथा त्यस्तो नीति निर्देशनहरू गाउँ, नगर र क्षेत्रसम्म पुऱ्याउनका लागि प्रदेश कार्यसमिति र जिल्ला कार्यसमितिलाई निर्देशन दिने,

(ग) यस विधानको परिधिभित्र रही नियमावली र निर्देशिका बनाउन सक्ने,

(घ) विधान अनुसार विभिन्न विभाग तथा उपसमिति बनाई काम गर्ने,

(ङ) प्रदेश कार्यसमितिमार्फत प्राप्त सदस्यता वितरण तथा नविकरणको अभिलेखीकृत गर्ने,

(च) अपाङ्गता भएका व्यक्तिले भोग्नु परेका अवरोध र विभेदलाई न्युनीकरण गर्न राष्ट्रिय स्तरका अभियान सञ्चालन गर्ने,

(छ) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि अत्यावश्यक सहायक सामग्री, सहयोगी, गुणस्तरीय समावेशी शिक्षा, सर्वशुलभ स्वास्थ्य, रोजगार तथा स्वरोजगार जस्ता आधारभूत सेवा तथा सुविधा उपलब्ध गराई उनीहरूलाई समाजमा स्वनिर्णयमा मर्यादित र स्वाभिमानी तवरबाट जीवनयापन गर्न सक्ने नागरिक बनाउनका लागि सरकार, राज्यका विभिन्न निकाय तथा सरोकारवालासँग आवश्यक अन्तरक्रिया, गोष्ठी, छलफल आदि गर्ने, गराउने,

(ज) अपाङ्गता अधिकार संरक्षण र प्रवर्द्धनका लागि विभिन्न तहका सरकार, संघ, संस्था र सरोकारवालासँग आवश्यक समन्वय र सहयोग आदानप्रदान गर्ने, गराउने,

(झ) संगठन विस्तारका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी लागू गर्ने,

(ञ) पार्टीको तर्फबाट उम्मेदवार भएका व्यक्तिका पक्षमा व्यापक प्रचार प्रसार गरी विजयी गराउन भूमिका खेल्ने,

(ट) संघको प्रभाव र अन्य संगठनको प्रभावका बीच समीक्षा गरी संघका पक्षमा अन्य समुदायलाई आकर्षित गर्न आवश्यक कार्य गर्ने,

(ठ) केन्द्रीय कार्यसमितिबाट भएका निर्णय कार्यन्वयन गर्ने, गराउने, र

(ड) संघ र पार्टीका हितमा अन्य आवश्यक काम गर्ने।

(५) **केन्द्रीय कार्यसम्पादन समितिः** कार्यसमितिको एउटा बैठक र अर्को बैठकको बीचमा कार्यसमितिले गर्नु पर्ने कार्य सम्पादन गर्न एक कार्यसम्पादन समिति रहनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) केन्द्रीय कार्यसमितिका पदाधिकारी केन्द्रीय कार्यसम्पादन समितिमा पदेन सदस्य रहनेछन्।

(ख) केन्द्रीय अध्यक्षद्वारा प्रस्तावित र कार्यसमितिबाट स्वीकृत बढीमा ५ जना सदस्य कार्यसम्पादन समितिमा रहनेछन्।

(६) **केन्द्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकारः** केन्द्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रीय कार्यसमितिको वैठक नभएको समयमा केन्द्रीय कार्यसमितिको बैठकले गर्ने सबै कार्य गर्न सक्नेछ।

(ख) केन्द्रीय कार्यसमितिको बैठककमा आफ्नो निर्णय अनुमोदनका लागि पेश गर्नेछ।

(७) **केन्द्रीय कार्यसमितिको अध्यक्षको काम, कर्तव्य र अधिकारः** केन्द्रीय कार्यसमितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रीय महाधिवेशन, केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसम्पादन समितिको अध्यक्षता गर्ने,

(ख) संघलाई सवल नेतृत्व प्रदान गर्ने,

(ग) केन्द्रीय महाधिवेशनद्वारा जारी निर्देशन वा केन्द्रीय कार्यसमितिको निर्णय कार्यान्वयन गर्ने, गराउने र भैपरी आएका कार्य गर्न निर्देशन दिने,

(घ) संघको उद्देश्य अनुरुप संघको सांगठनिक अवस्थालाई मजवुत बनाउँदै यसको विस्तार गर्न सक्षम एवं सुदृढ नेतृत्व प्रदान गर्ने,

(ङ) संघको तर्फबाट केन्द्रस्तरीय सभा, सम्मेलन वा अन्य संघ, संस्थामा प्रतिनिधत्व गर्ने, गराउने,

(च) केन्द्रीय कार्यसमितिको नीति र निर्णय कार्यान्वयन गर्ने, गराउने,

(छ) बैठकमा कुनै विषयमा निर्णय गर्दा मत बराबर भएमा निर्णायक मत दिने,

(ज) केन्द्रीय कार्यसमितिको बैठक बोलाउने,

(झ) आफ्नो अनुपस्थितिमा उपाध्यक्षलाई र उपाध्यक्ष समेत नभएको अवस्थामा महामन्त्रीलाई कार्यवाहक तोक्न सक्ने,

(ञ) पदाधिकारी वा सदस्यमध्येबाट एक जना प्रवक्ता तोक्ने,

(ट) मातहतका कार्यसमिति, विभाग, उपसमिति, लगायतको अनुगमन गर्ने र निर्देशन दिने, र

(ठ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने।

(८) **केन्द्रीय कार्यसमितिको उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** केन्द्रीय कार्यसमितिको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको कार्यमा सहयोग गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा कार्यवाहकको जिम्मेवारी प्राप्त उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने,

(ग) अध्यक्षको निर्देशन बमोजिम आ–आफ्नो क्षेत्रको संगठन विस्तार, सुदृढीकरण र केन्द्रीय कार्यसमितिको निर्णय कार्यान्वयन गर्ने, गराउने।

(९) **केन्द्रीय कार्यसमितिको महामन्त्रीको काम, कर्तव्य र अधिकारः** केन्द्रीय कार्यसमितिको महामन्त्रीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको परामर्श र निर्देशनमा कार्यसमितिको बैठक बोलाउने,

(ख) महाधिवेशन र कार्यसमितिको बैठकको अभिलेख, संघका अन्य दस्तावेजहरूको अभिलेख, सदस्यता विवरणको अभिलेख साथै संघका विभिन्न तहका कार्यसमितिको अभिलेख चुस्त दुरुस्त राख्ने, राख्न लगाउने,

(ग) महाधिवेशन र कार्यसमितिको बैठकमा संघको प्रतिवेदन पेश गर्ने,

(घ) महाधिवेशन र कार्यसमितिका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ङ) वार्षिक कार्ययोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र प्रतिवेदन तयार गर्ने कार्यमा प्रमुख भूमिका निर्वाह गर्ने,

(च) संघको प्रशासनिक प्रमुख भई अध्यक्ष एवं कार्यसमितिको निर्देशन अनुसार दैनिक कार्य सञ्चालन गर्ने,

(छ) केन्द्रीय कार्यसमितिको बैठकका लागि अध्यक्षसँग छलफल गरी आवश्यक एजेण्डा तय गरी केन्द्रीय पदाधिकारी र सदस्यहरूलाई अग्रिम जानकारी गराउने र

(ज) संघको कार्यालय तथा सम्पत्तिको रेखदेख र व्यवस्थापन गर्ने।

**(१०) केन्द्रीय कार्यसमितिको सहमहामन्त्रीको काम, कर्तव्य र अधिकारः** केन्द्रीय कार्यसमितिको सहमहामन्त्रीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) महामन्त्रीको नियमित काममा सहयोग पुऱ्याउने, र

(ख) महामन्त्रीको अनुपस्थितिमा महामन्त्रीले गर्ने सम्पूर्ण कार्य गर्ने।

**(११) केन्द्रीय कार्यसमितिको कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः** केन्द्रीय कार्यसमितिको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संघको आय व्ययको अभिलेख दुरुस्त राख्ने,

(ख) संघको बैंक खाता सञ्चालन गर्ने,

(ग) केन्द्रीय महाधिवेशन तथा केन्द्रीय कार्यसमितिमा वार्षिक आय–व्यय सम्बन्धी आर्थिक प्रतिवेदन पेश गर्ने, र

(घ) संघको चल अचल सम्पत्तिको अभिलेख राख्ने र सुरक्षा गर्ने।

**(१२) केन्द्रीय कार्यसमितिको सदस्यको काम, कर्तव्य र अधिकारः** केन्द्रीय कार्यसमितिको सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बैठकमा नियमित उपस्थित भई प्रस्ताव उपर छलफलमा सक्रिय सहभागी हुने,

(ख) बैठकको निर्णय पालना गर्ने, गराउने,

(ग) संघको हितमा सधै क्रियाशील रहने,

(घ) केन्द्रीय कार्यसमितिले खटाएको वा कार्यसमितिको अध्यक्षले तोकेको जिम्मेवारी पूरा गर्ने, र

(ङ) तोकिएको अन्य कार्य गर्ने।

**(१३) महासम्मेलनः** संघको महासम्मेलन वर्षको एक पटक हुनेछ र सो सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) केन्द्रीय कार्यसमितिले संघको महासम्मेलन बोलाउनेछ।

(ख) केन्द्रीय कार्यसमितिका अध्यक्ष महासम्मेलनका सभापति तथा पदाधिकारी र सदस्यहरु महासम्मेलनका सदस्य हुनेछन्।

(ग) संघका केन्द्रीय पुर्वअध्यक्ष तथा पुर्वपदाधिकारीहरु र सल्लाहाकारहरु महासम्मेलनको सदस्य हुनेछन ।

(घ) प्रदेश कार्यसमितिका अध्यक्ष र पदाधिकारीहरु महासम्मेलनका सदस्य हुनेछन्।

(ङ) जिल्ला कार्यसमितिका अध्यक्ष महासम्मेलनका सदस्य हुनेछन्।

(च) महासम्मेलनले संघका बर्ष भरिका गतिबिधिको समीक्षा गर्दै संघको उद्देश्य मुताबिक क्रियाशील रहन मार्गनिर्देश गर्नेछ।

(छ) सम्मेलनले आवश्यकता अनुसार संघका समसामयिक नीतिहरू तर्जुमा गर्नेछ।

(ज) केन्द्रीय महाअधिवेशन हुने वर्ष केन्द्रीय महाधिवेशनले नै महासम्मेलनको कार्य गर्नेछ।

## भाग ५

## सल्लाहकार, अनुशासन समिति र विभाग

१५. **सल्लाहकारः** अपाङ्गताको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका तथा पार्टी र संघको विभिन्न तह, निकायमा कार्य गरेका देहायका व्यक्तित्वहरू यस संघको सल्लाहकार हुनेछन्।

(क) संघका विभिन्न तहका पूर्व अध्यक्षहरू सोही तहको कार्यसमितिको सल्लाहकार हुनेछन्।

(ख) पार्टीको विभिन्न तह वा निकायमा निर्वाचित, मनोनीत वा कार्यरत अपाङ्गता भएका व्यक्तिहरू यस संघको सोही तहमा पदेन सल्लाहकार हुनेछन्।

(ग) पार्टीको विभिन्न भातृ तथा शुभेच्छुक संस्थाका विभिन्न तहमा कार्यरत अपाङ्गता भएका व्यक्तिहरू यस संघको सोही तहको पदेन सल्लाहकार हुनेछन्।

(घ) पार्टीको तर्फबाट उम्मेदवार वा सिफारिस भई विभिन्न तह वा निकायमा कार्यरत अपाङ्गता भएका वर्तमान तथा पूर्वजनप्रतिनिधि वा पदाधिकारी सोही तहमा संघको पदेन सल्लाहकार हुनेछन् ।

(ङ) संघको सम्बन्धित तहको कार्यसमितिको बैठक, अधिवेशन, सम्मेलन लगायत विभिन्न कार्यक्रमहरूमा सम्बन्धित तहका सल्लाहकारहरूलाई आमन्त्रण गरिनेछ।

(च) संघ तथा अपाङ्गता भएका व्यक्तिको समग्र हक, हित प्रवर्द्धनका लागि आवश्यक मार्गदर्शन तथा सकारात्मक सुझाव, सल्लाह प्रदान गर्न र संघका बैठक लगायत विभिन्न कार्यक्रमहरूमा उपस्थित भएर संघको गरिमा बढाउनु सल्लाहकारको कर्तव्य हुनेछ।

१६. **अनुशासन समिति, अनुशासन समितिको काम, कर्तव्य र अधिकारः**

**(१) अनुशासन समितिः**

(क) संघको अनुशासन कायम राख्न र संघद्वारा जारी हुने आचार संहिता पालना गराउन केन्द्रीय कार्यसमितिले आफुहरूमध्येबाट केन्द्रीय अनुसासन समिति गठन गर्नेछ।

(ख) केन्द्रीय अनुशासन समितिमा एक जना संयोजक र दुई जना सदस्यहरू रहनेछन्।

(ग) प्रदेश र जिल्लास्तरमा अनुशासन समिति गठन गर्न सकिनेछ।

**(२) अनुशासन समितिको काम, कर्तव्य र अधिकारः** अनुशासन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संघलाई अनुशासित राख्न, कुनै निकाय, पदाधिकारी र सदस्य उपर समितिमा परेका अनुशासन र आचार संहिता उल्लंघनका उजुरीमाथि छानबिन गरी आबश्यक कारवाही गर्ने,

(ख) पार्टीको उद्देश्य, नीति र आचार संहिता विरुद्ध वा विधानको उल्लंघन भयो भनी पार्टीका निकाय, पदाधिकारी वा सदस्यबाट उजुरी परेमा वा जानकारी हुन आएमा आवश्यक छानबिन गरी निर्णय गर्ने,

(ग) खण्ड (ख) बमोजिमको निर्णयबारे पार्टीलाई जानकारी गराउने,

(घ) अनुशासन उलंघन गरेको सदस्य उपर कारबाही गर्दा बढीमा तीन वर्ष निस्काशन र बढीमा एक वर्षका लागि निलम्बन गर्न सक्ने,

(ङ) अनुशासन उल्लंघन गर्ने निकाय, पदाधिकारी वा सदस्यमाथि कारबाही गर्दा मात्रा र प्रकृति हेरी सम्झाउने, चेतावनी दिने, निलम्बन गर्ने वा निस्कासन गर्न सक्ने र यसरी कारबाही गर्दा सम्बन्धित निकाय वा व्यक्तिलाई स्पष्टीकरणको मौका दिने,

(च) अनुशासन समितिले परेका उजुरीहरूबारे एक महिनाभित्र निर्णय गर्ने, र

(छ) अनुशासन समितिको कारबाहीमा पर्ने सदस्य वा पदाधिकारीले चित्त नबुझेका खण्डमा संघको केन्द्रीय कार्यसमितिमा पुनरावेदन दिन सक्ने र केन्द्रीय कार्यसमितिको निर्णय अन्तिम हुने।

१७. **<u>विभाग गठन गर्न सक्नेः</u>**

(१) केन्द्रीय कार्यसमितिले संघको उद्देश्य हासिल गर्न देहायका विभागहरू गठन गर्न सक्नेछः–

(क) अनुगमन, मूल्याङ्कन तथा अनुसन्धान विभाग,

(ख) आर्थिक विभाग,

(ग) कला तथा सांस्कृतिक विभाग

(घ) नागरिक समाज समन्वय विभाग,

(ङ) प्रचार तथा प्रकाशन विभाग,

(च) प्रशिक्षण विभाग

(छ) पेशागत विभागहरू,

(ज) महिला तथा सामाजिक न्याय विभाग,

(झ) युवा तथा खेलकुद विभाग

(ञ) वर्गीय विभागहरू,

(ट) विद्यार्थी विभाग,

(ठ) शिक्षा विभाग

(ड) स्वास्थ्य विभाग र

(ढ) संगठन विभाग,

(२) उपदफा (१) बमोजिमका विभागहरू प्रत्यक्ष रूपमा संघको मातहतमा रहनेछन्।

(३) संघको केन्द्रीय कार्यसमितिका पदाधिकारी वा सदस्यको संयोजकत्वमा महाधिवेशन, प्रदेश अधिवेशन र संघका सदस्यहरू मध्येबाट बढीमा ९ सदस्यीय विभाग गठन गर्न सकिनेछ।

(४) संघको उद्देश्य बमोजिम संगठन विस्तार एवं सुदृढ गर्नका लागि लोकतन्त्रप्रति प्रतिवद्ध तथा आस्थावान अपाङ्गता भएका विभिन्न व्यक्तिहरू समाबेश गरी उपदफा (त्र) बमोजिम आवश्यकताका आधारमा प्रचलित कानून बमोजिमका अपाङ्गताको वर्ग अनुसारको वर्गीय विभागहरू गठन गर्न सकिनेछ।

(५) लोकतन्त्रप्रति प्रतिबद्ध तथा आस्थावान विभिन्न पेशा, व्यवसायमा संलग्न अपाङ्गता भएका व्यक्तिहरू समावेश गरी उपदफा (१) को खण्ड (छ) बमोजिम आवश्यकताका आधारमा विभिन्न पेशागत विभागहरू गठन गर्न सकिनेछ।

(६) विभागले आफुमध्येबाट एक जनालाई विभागको सदस्य सचिवको रूपमा जिम्मेवारी तोक्नेछ।

(७) केन्द्रीय महाधिवेशन सम्पन्न भएको मितिले ३ महिनाभित्र सम्पूर्ण विभागहरू गठन गरिसक्नु पर्नेछ

(८) उपदफा (१) बमोजिमका विभागहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(९) विभागीय कार्यको प्रतिवेदन प्रत्येक तीन महिनामा केन्द्रीय कार्यसमितिमा पेश गर्नु पर्नेछ।

## भाग ६
## निर्वाचन र निर्वाचन समिति

**१८. निर्वाचनः**

(क) संघको प्रत्येक तहको निर्वाचन सर्वसम्मति वा गोप्य मतदानद्वारा हुनेछ। निर्वाचनको परिणाम साधारण बहुमतको आधारमा निर्धारण गरिनेछ।

(ख) केन्द्रीय कार्यसमितिको निर्वाचन संघको केन्द्रीय कार्यसमितिबाट गठन गरिएको निर्वाचन समितिले निर्वाचन सम्पन्न गर्नेछ। संघको केन्द्र मातहतका अन्य सबै तहका निर्वाचनहरू संघको सम्बन्धित तहको कार्यसमितिले निर्वाचन समिति बनाई सम्पन्न गर्नेछ।

(ग) केन्द्रीय कार्यसमितिले आवश्यकतानुसार निर्वाचन निर्देशिका वनाई लागु गर्न सक्नेछ।

(घ) संघको केन्द्रीय महाधिवेशन पार्टीले पठाएको प्रतिनिधिको पर्यवेक्षणमा सम्पन्न हुनेछ र प्रदेश एवं जिल्ला अधिवेशनहरूमा संघले केन्द्रीय प्रतिनिधिहरू पठाउनेछ। जिल्ला मातहतका सबै तहको अधिवेशन जिल्ला प्रतिनिधिको पर्यवेक्षणमा सम्पन्न हुनेछ।

(ङ) निर्वाचन समितिले निर्वाचन अधिकृत र मतदान अधिकृत नियुक्त गर्न र आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ। निर्वाचन सम्बन्धी विवादमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ।

(च) प्रत्येक चार वर्षमा हुने महाधिवेशनले केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यको निर्वाचन गर्नेछ।

(छ) पार्टीको महाधिवेशनमा संघबाट सहभागी हुन तोकिएको संख्याका महाधिवेशन प्रतिनिधिहरू पार्टीको क्रियाशील सदस्य रहेको व्यक्तिमात्र उम्मेदवार हुन पाउने गरी संघको महाधिवेशनले निर्वाचित गर्नेछ।

(ञ) संघको क्रियाशील सदस्यता कायम रहेको प्रतिनिधि मात्र जुनसुकै तहको कार्यसमितिको अध्यक्ष वा पदाधिकारीको उम्मेदवार बन्न सक्नेछ।

(झ) गाउँ, नगर कार्यसमिका पदाधिकारी तथा सदस्यहरू सम्भव भएसम्म यस संघको क्रियाशील सदस्यता भएको प्रतिनिधि मात्र उम्मेदवार बन्न सक्नेछ।

(ञ) सबै तहको कार्यसमितिको अध्यक्ष दुई पटक भन्दा बढी सोही पदमा उम्मेदवार हुन पाउने छैन।

१९. <u>निर्वाचन समितिः</u>

(क) संघको केन्द्रीय महाधिवेशन सम्पन्न गर्नका लागि संघको केन्द्रीय कार्यसमितिले निर्वाचन समिति गठन गर्नेछ र निर्वाचन समितिले पार्टी प्रतिनिधिको पर्यवेक्षणमा केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्नेछ।

(ख) प्रदेश र जिल्ला अधिवेशन सम्पन्न गर्नका लागि संघको सम्बन्धित तहको कार्यसमितिले निर्वाचन समिति गठन गर्नेछ र निर्वाचन समितिले केन्द्रीय प्रतिनिधिको रोहबरमा प्रदेश र जिल्लाका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्नेछ।

(ग) जिल्ला मातहतका संघका अधिवेशनहरू सम्पन्न सम्बन्धित समितिले नै निर्वाचन समिति गठन गरी अधिवेशन सम्पन्न गर्नेछ।

२०. <u>निर्वाचन समितिको काम, कर्तव्य र अधिकारः</u> निर्वाचन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## भाग ७

## आर्थिक व्यवस्था

२१. <u>आर्थिक व्यवस्थाः</u>

(१) **कोषः** संघको आफ्नो छुट्टै कोष रहनेछ र कोषमा देहायको रकम रहनेछः-

(क) सबै किसिमका सदस्यता वापत उठेको रकम,

(ख) सदस्यता नविकरण वापत उठेको रकम,

(ग) संघका सदस्यले बुझाउने तोकिएको नियमित मासिक सहयोग शुल्क, र

(घ) मातहतका गाउँ, नगर, क्षेत्र एवं जिल्ला कार्यसमितिबाट सहयोग शुल्कको रूपमा प्राप्त नियमित रकम।

(२) **खाता सञ्चालनः** संघको अध्यक्ष वा महामन्त्री र कोषाध्यक्षको संयुक्त दस्तखतबाट बैंकमा खाता सञ्चालन गरिनेछ।

(३) **लेखा तथा लेखापरीक्षणः**

(क) संघको आर्थिक कारोबारको लेखा दोहोरो लेखाप्रणाली बमोजिम राखिनेछ।

(ख) नेपाल सरकारको स्वीकृति प्राप्त लेखापरीक्षकद्वारा संघको आर्थिक कारोबारको लेखापरीक्षण गराई त्यसको प्रतिवेदन सम्बन्धित अधिवेशनमा प्रस्तुत गरिनेछ।

(ग) लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धित कार्यसमितिले तोके बमोजिम हुनेछ।

(घ) प्रत्येक तहका कार्यसमितिले आर्थिक कारोबारको सम्पूर्ण स्रेस्ता अद्यावधिक गर्नु पर्नेछ।

(ङ) संघको कोष तथा खर्च सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोके बमोजिम हुनेछ।

**(४) आय-व्ययको विवरणः**

(क) संघका कार्यसमितिले आफ्नो आय-व्ययको विवरण गाउँपालिका कार्यसमिति र नगरपालिका कार्यसमितिलाई बुझाउनु पर्नेछ। यसैगरी, गाउँ नगर कार्यसमिति, प्रदेश सभा निर्वाचन क्षेत्रीय कार्यसमिति र प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमितिले आफ्नो आय–व्ययको विवरण जिल्ला कार्यसमितिलाई बुझाउनु पर्नेछ।

(ख) जिल्ला कार्यसमितिले आफ्नो आय-व्ययको विवरण प्रदेश कार्यसमितिलाई र प्रदेश कार्यसमितिले आफ्नो आय-व्ययको विवरण केन्द्रीय कार्यसमिति समक्ष बुझाउनु पर्नेछ।

(ग) संघको केन्द्रीय कार्यसमितिले आफ्नो आय–व्यय विवरण सहितको लेखापरीक्षण प्रतिवेदन पार्टीलाई बुझाउनु पर्नेछ।

## भाग ८
## विविध

२२. **<u>कार्यकालः</u>** यस विधान बमोजिम गठित सबै तहका कार्यसमितिको कार्यकाल अधिवेशन भएको मितिले चार बर्षको हुनेछ। तोकिएको अवधिभित्र केन्द्रीय महाधिवेशन हुन नसकेमा पार्टीको विधान बमोजिम हुनेछ।

२३. **<u>गणपूरक संख्याः</u>** यस विधान बमोजिमका महाधिवेशन, अधिवेशन वा कार्यसमितिको गणपूरक संख्या सम्बन्धित तहको सम्पूर्ण सदस्यको साधारण बहुमत हुनेछ।

२४. **<u>सूचना प्रविधिको प्रयोग</u>** गरी बैठक सञ्चालन गर्न सकिने: संघको जुनसुकै तह र निकायका बैठक, सभा, सम्मेलन लगायतका कार्यक्रमहरू प्रविधिको प्रयोग गरी भर्चुअल वा अनलाइन विधिमार्फत पनि गर्न सकिनेछ।

२५. **<u>अविश्वासको प्रस्तावः</u>**

(क) कुनै पनि कार्यसमितिका अध्यक्ष विरुद्व अधिवेशनका एक चौथाई सदस्यले अविश्वासको प्रस्ताव सोही कार्यसमितिमा दर्ता गर्न सक्नेछन्।

(ख) अविश्वासको प्रस्ताव उपर छानविन गरी तीन महिनाभित्र सम्बन्धित अधिवेशन बोलाई निर्णय गर्नुपर्नेछ। उक्त अधिवेशनको अध्यक्षता सम्बन्धित कार्यसमितिका उपाध्यक्ष वा उपाध्यक्ष अनुपस्थित रहेमा जेष्ठ सदस्यले गर्नेछन्।

(ग) अविश्वासको प्रस्ताव सम्बन्धित अधिवेशनका सम्पूर्ण सदस्य संख्याको दुई तिहाईबाट पारित हुनुपर्नेछ।

२६. **विशेष अधिवेशनः** सम्बन्धित अधिवेशनका एक चौथाई सदस्यले विशेष कारण खोली तोकिएको समयावधि भन्दा अगावै अधिवेशनको माग गरी अध्यक्ष समक्ष निवेदन पेश गरेमा निवेदन दर्ता भएको मितिले बढीमा ३ (तीन) महिनाभित्र विशेष अधिवेशन बोलाउनु पर्नेछ।

२७. **पदपूर्ति सम्बन्धी व्यवस्थाः** कुनै पनि तहको कुनै पद रिक्त भएमा सो पद विधान बमोजिम जुन प्रक्रियाबाट पूर्ति हुने हो, सोही प्रक्रियाबाट पूर्ति गरिनेछ।

२८. **दोहोरो पदभार ग्रहण गर्न नपाईनेः**

(क) संघका पदाधिकारी र सदस्यले एउटै अवधिमा पार्टीको कुनै पनि तहको कार्यसमिति वा निकायमा र अन्य भातृ तथा शुभेच्छुक संस्थाको कार्यसमितिमा निर्वाचित वा मनोनीत भएमा यस संघमा रहेको पद स्वतः रिक्त हुनेछ।

(ख) यस संघको कुनै कार्यसमितिका पदाधिकारी वा सदस्यले सो भन्दा माथिल्लो तहको कार्यसमितिको निर्वाचनमा भाग लिएमा वा मनोनीत भएमा नीजको तल्लो तहको पद स्वतः रिक्त हुनेछ।

२९. **बैठकमा आमन्त्रण गर्न सक्नेः** सम्बन्धित सबै तहका कार्यसमितिका अध्यक्षले आवश्यकता बमोजिम विषयगत विशेषज्ञ एवं संघमा लामो समयसम्म अनुभव प्राप्त गरेका व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछन्।

३०. **विधान संशोधनः** संघको केन्द्रीय महाधिवेशनले विधानमा संशोधन आवश्यक ठानेमा संशोधनको प्रस्ताव केन्द्रीय कार्यसमिति मार्फत् केन्द्रीय महाधिवेशनमा पेश गरी महाधिवेशनको साधारण बहुमतबाट पारित गर्न सक्नेछ। यस्तो संशोधन पार्टीको केन्द्रीय कार्यसमितिले स्वीकृत गरेपछि लागू हुनेछ।

३१. **विधानको व्याख्याः** विधानमा उल्लिखित कुराको दोहोरो अर्थ लागेमा वा आपसमा बाझिएको देखिएमा वा कुनै पनि दफा उपदफामा विवाद उत्पन्न भएमा त्यसको व्याख्या गर्ने अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ।

३२. **राजीनामाः** केन्द्रीय अध्यक्षले राजीनामा दिंदा पार्टी सभापति समक्ष र केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य, प्रदेश अध्यक्ष र जिल्ला अध्यक्षले राजीनामा पेश गर्दा केन्द्रीय अध्यक्ष समक्ष तथा अन्य सबै तहका पदाधिकारी र सदस्यहरूले सम्बन्धित तहको अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ। जिल्ला मातहतका सबै तहका अध्यक्षहरूले राजीनामा पेश गर्दा आफु भन्दा एक तहमाथिको अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ। सम्बन्धित तहको राजीनामा स्वीकृत भए नभएको जानकारी सम्बन्धित तहको कार्यसमितिलाई तत्काल दिनु पर्नेछ।

३३. **निलम्बन र विघटनः** कुनै समिति निष्क्रिय रहेको वा विधान विपरित कार्यमा संलग्न भएको र विधान विपरित गठन भएको देखिएमा केन्द्रीय कार्यसमितिले आवश्यक छानविन गरी त्यस्तो समितिलाई निलम्बन वा विघटन गरी तदर्थ समिति गठन गर्न सक्नेछ। तर यस्तो कारवाही गर्दा सम्बन्धित पक्षलाई स्पष्टीकरणको मौकाबाट वञ्चित गरिने छैन।

३४. **नियमावली बनाउनेः** यो विधान अनुरुप केन्द्रीय कार्यसमितिले आवश्यक नियमावली, विनियम र आचार संहिता बनाई लागू गर्न सक्नेछ।

३५. **बाधा अड्काउ फुकाउने अधिकारः** यो विधान कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ। तर त्यस्ता विषयमा केन्द्रीय कार्यसमितिले गरेको निर्णय पछि हुने महाधिवेशनबाट अनुमोदन गराउनु पर्नेछ।

३६. **संक्रमणकालीन व्यवस्थाः**

(१) पार्टीको विधानको व्यवस्था र पार्टी केन्द्रीय कार्यसमितिले अन्यथा निर्णय गरेको अवस्थामा वाहेक विधान प्रारम्भ हुँदाका बखत कायम रहेको राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघका सबै तहका पदाधिकारी र सदस्यहरू यस विधान अनुसार नयाँ निर्वाचन नभएसम्म कायम रहनेछन्।

(२) पार्टीबाट स्विकृत भए पछि यो विधान लागू हुनेछ र अन्य व्यवस्था पार्टीको विधान बमोजिम हुनेछ।

(३) संघको कुनै पनि तहको कार्यसमितिको पदाधिकारी वा सदस्य पार्टीको केन्द्रीय कार्यसमिति, प्रदेश कार्यसमिति, जिल्ला कार्यसमिति वा मातहत तहको कार्यसमितिमा निर्वाचित वा मनोनीत भएमा निजको संघको कार्यसमितिमा वहाल रहेको पद स्वतः रिक्त हुनेछ। तर सम्बन्धित तहका कार्यसमितिका वाँकी पदाधिकारी र सदस्य अर्को निर्वाचन नहुँदासम्म यथावत कायम रहनेछन्।

३७. **बचाउः** यो विधान लागू भएपछि संघका सबै कार्यसमितिले गरेका कामकारबाही यसै विधान अनुसार भए गरेको मानिनेछ।

****

अनुसूचि १

(दफा २ को उपदफा (१) सँग सम्बन्धित)



अनुसूचि २

(दफा २ को उपदफा (२) सँग सम्बन्धित)